Jana Aakash National Weekly

# जन आकाश

Jana Aakash National Weekly

राष्ट्रिय साप्ताहिक

वर्ष-१५ , अंक- १२, २०७९ साल असोज २५ गते मंगलबार (Oct 11, 2022) www.janaakash.com.np मूल्य रु १०।-

जन आकाश मिडिया प्रा.लि.बाट प्रशारित

www.janaakash.com.np

अनलाइन सञ्चालन भइरहेको हुँदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायिक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठकवर्ग लगायत महानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जन आकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जन आकाशको बार्षिकउत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, संघसंस्थाहरुले सम्पर्क राख्न अनुरोध गरिन्छ ।

सम्पर्क: ४१६७५७८ (बागबजार)

मोबाइल: ९८६१५८८४५६

Email: jana.news2065@gmail.com

# प्रतिनिधि र प्रदेश सभामा धेरैको उम्मेद्वारी ?

काठमाडौं । मंसिरमा ४ गतेका लागि निर्वाचन आयोगले तोकेको




समयमा असोज २३ गते देशभरीका निर्वाचन कार्यलयमा उम्मेद्वारहरुले मनोनयन गराएका छन् ।

निर्वाचन आयोगका अनुसार प्रतिनिधिसभामा कुल २१२८ जनाले उम्मेदवारी दिएका छन् । जसमा १९३७ जना पुरूष र १९१ जना महिला छन् । प्रदेश सभातर्फ २६०० पुरूष, २४४ महिला र एक जना अन्य गरी २८४५ जनाको उम्मेदवारी दर्ता भएको आयोगले जनाएको छ ।

आयोगमा यो २३ गते बिहान देखि बेलुका ५ बजेसम्मको ताजा जानकारी भएको बताएको छ । तर अर्को आधिकारिक निर्वाचन कार्यलयको वेभसाइटमा देखिएको छैन । अन्य पछि हिमाली जिल्लामा थपिएका उम्मेद्वारहरुको नामवली यसमा उल्लेख छैन ।

२०७९ मंसिरमा हुने निर्वाचनको लागि प्रतिस्पर्धा गर्न धेरै उम्मेद्वारहरुको उत्साजनक उपस्थिति देखिन्छ । नेपालमा २०७२ सालको संविधान निर्माण पछि थ्रेसहोल्ड राखिएको थियो त्यस थ्रेसहोल्ड पुरा नगर्ने राजनीतिक पार्टीहरुले निर्वाचनमा भाग त लिने नै भए स्वतन्त्रवाट निर्वाचमा थ्रेसहोल्डको अफठ्यारो प्रवाधान हुदाहुदै पनि राजनीतिमा भएको बिकृति हटाउन सकिन्छ कि भनेर धेरै भन्दो धेरै युवाहरुले २०७९ को प्रतिनिधिसभा र प्रदेशसभामा उल्लेखिय मात्रमा उम्मेद्धारी दिएको देखिन्छ ।

नेपालमा अहिलेपनि राजनीतिक पार्टीहरुमा धेरैजति ६० बर्ष उमेर कटेका उम्मेद्धारहरुले उम्मेद्धरी दिएका छन् । तर साना र स्वतन्त्र उम्मेद्धारहरु युवापुस्ताका देखिन्छ । नेपाली जनताले यतिवेला नयाँ नेतृत्व खोजिरहेको देखिन्छ तर राजनीतिक पार्टीहरुले जनताले खोजेको चाहेको बाँकी ६ पृष्ठमा

## गोरखामा ५६ उम्मेदवार, कुन क्षेत्रबाट को- को ?

गोरखा । मंसिर ४ गते हुने प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचनका लागि गोरखामा ५६ जनाले उम्मेदवारी दर्ता गराएका छन् ।

प्रतिनिधिसभाका दुई निर्वाचन क्षेत्रमा २३ जना र प्रदेशसभाका चार निर्वाचन क्षेत्रमा ३३ जनाको उम्मेदवारी परेको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ । सत्तारुढ गठबन्धनको भागवण्डामा प्रतिनिधिसभामा गोरखा(२ नेकपा माओवादी केन्द्र र गोरखा(१ नेपाली कांग्रेसको भागमा परेको छ । त्यस्तै प्रदेशसभामा गोरखा(१ (क) माओवादी केन्द्र, गोरखा १ (ख) नेपाली कांग्रेस, गोरखा २(क) बाबुराम भट्टराई नेतृत्वको नेपाल समाजवादी पार्टी र गोरखा २ (ख) नेपाली कांग्रेसको भागमा परेको छ ।

सत्तारुढ गठबन्धनमै रहेको नेकपा एकीकृत समाजवादीले प्रदेशसभाको दुईवटा क्षेत्रमा उम्मेदवारी दिएको छ । टिकट वितरणमा असन्तुष्टि जनाउँदै कांग्रेसका एकाध नेताले स्वतन्त्र उम्मेदवारी दिएका छन् । नेकपा एमालेले भने एक्लै प्रतिस्पर्धामा उत्रिएको छ ।

गोरखा १ बाट प्रतिनिधिसभामा १० जनाको उम्मेदवारी परेको छ । नेपाली कांग्रेसबाट राजेन्द्र बजगाई, नेकपा एमालेबाट रामशरण बस्नेत, जनसमाजवादी पार्टीबाट उत्तरबहादुर खड्का, राप्रपाबाट उदयप्रसाद भट्ट, मंगोल नेशनल अर्गनाइजेसनबाट देवबहादुर थापा र नेपाल सुशासन पार्टीबाट मीनकुमार श्रेष्ठले उम्मेदवारी दर्ता गराएका छन् ।

त्यस्तै जसपा नेपालका रुपेश राना, नेमकिपाका लिलाकुमारी बुढाथोकी र राष्टि्रय स्वतन्त्र पार्टीका सुवर्ण रोकायले पनि उम्मेदवारी दिएका छन् । यही क्षेत्रबाट भीमसेन थापा गाउँपालिकाका विष्णु पुडासैनीले स्वतन्त्र उम्मेदवारी दिएका छन् ।

त्यस्तै गोरखा(१ (क) बाट प्रदेशसभामा सात जनाको उम्मेदावरी परेको छ । नेकपा माओवादी केन्द्रबाट कृष्ण धिताल, नेकपा एमालेबाट सुरेन्द्रबहादुर थापा, राप्रपाबाट सुदीप ढकाल, राप्रपा नेपालबाट हरिराम अर्याल, मंगोल नेशनल अर्गनाइजेसनबाट गंगाबहादुर राना, नेस्नलिष्ट पिपल्स पार्टीबाट बिष्णुबहादुर कुँवरले उम्मेदवारी दिएका छन् । गोरखा नगरपालिका(७ का रामशरण आचार्यले स्वतन्त्र उम्मेदवारी दर्ता गराएका छन् । बाँकी ६ पृष्ठमा

## दलहरुलाई स्वतन्त्र उम्मेदवारबाट चुनौती

काठमाडौं । आगामी ४ मंसिरमा हुने प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनका लागि देशभरमा गरी झन्डै ६ हजारको उम्मेदवारी परेको छ ।

निर्वाचन आयोगले दुवै सभाको निर्वाचनका लागि आइतबार मनोनयको समय निर्धारण गरेको थियो । आयोगले निर्धारण गरेको सो दिन देशभरमा प्रतिनिधिसभा र प्रदेशसभामा निर्वाचन लड्नका लागि ५ हजार ८ सय ६६ जनाको उम्मेदवारी परेको निर्वाचन आयोगले जनाएको छ ।

आयोगका अनुसार प्रतिनिधिसभाको १ सय ६५ सिटका लागि २ हजार ४ सय ७३ जनाको उम्मेदवारी परेको छ भने प्रदेशसभाको ३ सय ३० सिटका लागि ३ हजार ३ सय ९३ जनाको उम्मेदवारी परेको छ । आयोगले आइतबार बिहान १० देखि अपराह्न ५ बजेसम्मका लागि उम्मेदवारलाई मनोनयनको समय दिएको थियो । यस अवधिमा दर्ता भएकामध्ये आयोगको सूचना प्रणालीमा प्रविष्ट भएका आधारमा प्रतिनिधिसभा अन्तर्गत देशभर २ हजार २ सय ४२ पुरुष र २ सय ३१ महिला गरी कुल २ हजार ४ सय ७३ जनाले आफ्नो उम्मेदवारी दर्ता गराएको आयोगले जनाएको छ । आयोगका अनुसार आइतबार रातिसम्म उम्मेदवारी दर्ता कार्य जारी रहेकाले मनोनयन गर्नेको संख्या बढ्न सक्नेछ ।

तोकिएको समयभित्र सम्बन्धित निर्वाचन कार्यालयमा उपस्थित भएका कतिपय उम्मेदवारको दर्ता कार्य राति अबेरसम्म जारी रहेको थियो । कतिपय जिल्ला र निर्वाचन क्षेत्रमा सञ्चार सम्पर्क सहज नभएकाले यकिन विवरण प्रविष्ट हुन बाँकी रहेको आयोगको भनाइ छ । जसका कारण मनोनय गर्नेको संख्या केही बढ्ने देखिएको हो ।

आयोगका अनुसार आइतबार रातिसम्म प्रदेशसभातर्फ ३ हजार ९९ जना पुरुष, २ सय ९३ महिला र १ अन्य गरी जम्मा ३ हजार ३ सय ९३ जनाको उम्मेदवारी दर्ता भएको छ ।


आगामी निर्वाचनमा पार्टीबाट उम्मेदवारको टिकट नपाएका नेताहरूले स्वतन्त्र उम्मेदवारी दिएका छन् । मङ्सिर ४ गते हुने सङ्घ तथा प्रदेशको निर्वाचनका लागि पार्टीले टिकट नदिएपछि उनीहरूले यसअघि उठेकै निर्वाचन क्षेत्रबाट उम्मेदवारी मनोनयन गराएका हुन् ।

नेकपा (एमाले)का उपमहासचिव घनश्याम भुसालले रुपन्देही क्षेत्र नं १ बाट स्वतन्त्र उम्मेदवारी दर्ता गराउनुभएको छ । एमालेले भुसाललाई टिकट नदिएपछि शनिबार पार्टी छाडेको घोषणा गर्नुभएको थियो । एमालेकै निवर्तमान सांसद रामवीर मानन्धरले काठमाडौं क्षेत्र नं ७ बाट स्वतन्त्र उम्मेदवारी दर्ता गराउनुभएको छ । पार्टीले टिकट नदिएपछि मानन्धरले स्वतन्त्र उम्मेदवारी दिनुभएको हो । एमालेका नेता प्रभु साहले रौतहट क्षेत्र नं ३ बाट स्वतन्त्र उम्मेदवारी दिनुभएको छ । नेपाली कांग्रेसका नेता दिनेश कोइरालाले पार्टीले टिकट नदिएपछि चितवन क्षेत्र नं ३ बाट स्वतन्त्र उम्मेदवारी दर्ता गराउनुभएको छ । नेता गोविन्दराज जोशीले तनहुँ क्षेत्र नं १ बाट स्वतन्त्र उम्मेदवारी दर्ता गराउनुभएको छ । नेपाली कांग्रेसबाट कारबाहीमा पर्नुभएका जोशी स्वतन्त्र उम्मेदवार बन्नुभएको हो । कांग्रेसका नेता अमरेशकुमार सिंहले टिकट नपाएपछि स्वतन्त्र उम्मेदवारी दिनुभएको छ । निर्वाचनमा पार्टीले टिकट नदिएपछि कतिपय नेता पार्टी परित्याग गरी अर्को पार्टीमा लागेका छन् भने केहीले स्वतन्त्र उम्मेदवारी दिएका छन् । नेताहरूले विगतमा उठेकै निर्वाचन बाँकी ६ पृष्ठमा

## सामाजिक सञ्जालमा गरिने विज्ञापन खर्च पनि निर्वाचन खर्चमा समावेश हुने

काठमाडौं । उम्मेदवारहरुले सामाजिक सञ्जालमा गरिएको विज्ञापन पनि निर्वाचन खर्चमा समावेश हुने भएको छ । १६५ प्रतिनिधिसभा सदस्य र ३३० प्रदेशसभा सदस्यका लागि आइतबार देशभर उम्मेदवारी दर्ता भएको छ । उम्मेदवारी दिएकामध्ये कतिपयले सामाजिक सञ्जालमा आफ्नो प्रचार प्रचार र विज्ञापन गर्न थालेका छन् ।

निर्वाचन आयोगले सोमबार विज्ञप्ति जारी गर्दै राजनीतिक दल र उम्मेदवारले सामाजिक सञ्जालमा विज्ञपन गर्दा हुने खर्च निर्वाचन खर्चमा समावेश हुने प्रष्ट पारेको छ । सामाजिक सञ्जालमा विज्ञापन गरे नगरेको आफ्नो संयन्त्रले अनुगमन गरिरहेको भन्दै आयोगले भनेको छ, 'सामाजिक सञ्जालमार्फत हुने विज्ञापनको सबै खर्च विवरण समेत चुस्त दुरुस्त राख्न सबै राजनीतिक दल र उम्मेदवारलाई आग्रह गरिन्छ ।'



‘मान्छे कसैले पनि कर्म लिएर आएको हुँदैन । सृजना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ ।’- *मोहन कार्की*

## सम्पादकीय

# पटकाजन्य सामान प्रयोग नगर्न नागरिक नै सचेत हुनुपर्छ

भखरै विजया दशमी सकेर तिहार नजिकिदै छ । तिहार सवैको झिलीमिली प्रकाशको पर्व पनि भनिन्छ । यसै अवसरमा कतिपय मानिसहरुले आतासवाजी गरेर पटका पड्काउने समेत गरेका छन् । यो काम नेपाली संस्कृतिक परम्परा तथा सु–सभ्य काम होइन । यस्ता पटकाजन्य सामग्रीले अप्रिय घटना घटाउन सक्छ कतिपय ठाउँमा घटना पनि घटेका छन् । पटका पड्काउदा आगजनी भई धनजनको क्षति भएको छ । नेपालको धनराशी समेत विदेश जाने गरेको छ ।

यस्ता हरेक दृष्टिकोणले पटका नेपालको लागि उचित होइन भन्ने नै देखाउँछ । नेपाल सरकारले केही बर्ष अगाडी देखि पटकालाई प्रतिवन्द लगाएको भएपनि विगतमा त्यस्ता सामानहरु अवैध ढंङगवाट नेपाल भित्रिएका थिए । जसले नेपाली समाजमा नकारात्मक असर गरेको थियो करोडौ फजुल खर्चमा रकम विदेशीएको थियो । त्यसको अलवा कतिपय ठाउँमा पटका पडकाएकै कारण आगलागी समेत भएको थियो । नेपाली समाजलाई नै धातक हुने काम सवै क्षेत्रवबाट मनैदेखि सवै नागरिकहरुले पटका भन्ने चीज किन्नु हुदैन पटकाउनु हुदैन भन्ने चेत सवैमा आउनु पर्छ ।

यसरी सवै नागरिकहरुको चेतमा नै पटका पडकाउनु हुदैन यो नेपाली समाजको लागि देशको लागि हित होइन भन्ने शिक्षा भयो भने बैध अबैध जसले ल्याए पनि स्वयम नागरिक चेतनशील भएर पटका नै नकिनिदिएपछि स्वत यस्ता पटका उत्पादन गर्ने कम्पनी नै बन्द हुन्छन् । त्यस खालको चेतना ल्याउने गरी सचेतना मुलक कार्यक्रम पनि सम्बन्धित निकायले गर्नुपर्छ  भने नागरिकहरुले पनि यस्ता विषयमा गम्भिर भएर सोच्नु पर्छ प्रत्येक नागरिकको आचारण चालचलन सभ्य भयो भने देशले नै सभ्य समाजको परिचय दिन सक्छ यता पर्टी सवैको ध्यान जान जरुरी छ ।

आउदै गरेको तिहार अर्थात दीपावली, छठ, नेपाल सम्बत नेपालका जातजातिहरुले मनाउने सवै पर्वलाई सदभाव, एकता, धार्मिक सहिष्णुता, कायम गरी नेपाली हुनुमा गर्व गर्दै मनाऔ । यो काम हामी नागरिकहरु मिलेर नै सम्भव छ । काही कतै कोही समाजमा नमिलेका चामलमा बिया भेटिए जस्तै त्यस्ताहरुलाई स्वत चामलमा रहेको बियालाई टिपेर फाल्ने वा वियालाई जम्मा गरेर पुनः प्रशोधन गरेर चामलमा परिणत गर्ने हाम्रो चलन हुन्छ । त्यस्तै नेपाली समाजमा स–साना कही कतै बिकृति देखिएमा भेटिएमा बुद्धि विवेक प्रयोग गरेर आउँदा दिनमा त्यस खालका बिकृति बिसंगति आउन नदिन सवैको प्रयत्न हुनुपर्छ । यसरी चाडपर्वलाई खुशीको रुपमा परिणत गर्न सक्छौं ।

# निर्वाचनभन्दा परको सहभागिता

**भास्कर गौतम**

अहिले चाडपर्व, बाढीपहिरो र चुनावको मौसम छ । चाडपर्वकै समयमा बाढीपहिरोले धेरैको बिचल्ली बनायो । कतिले आफ्ना प्रियजनसमेत गुमाए ।

विकासका नाममा भइरहने अव्यवस्थित पूर्वाधार निर्माण कार्यले विपत्बाट ज्यान गुमाउने थितिलाई थप जटिल बनाएको छ । केही दिनको वर्षामा समेत सर्वसाधारणको ज्यान लिने विकासको यस्तै खाकालाई निरन्तरता दिने दृढतासहित राजनीतिक दलहरूले उम्मेदवार चयन हिजो मात्र टुंग्याए । उम्मेदवार चयनमा पैसा, नातागोता र भक्तजनहरूले प्राथमिकता पाए । लोकहितविपरीत कार्य गर्ने यस्तो दृढता दलहरूमा यसै पलाएको होइन । छोटो स्वार्थका लागि सार्वजनिक सम्पत्ति निजी स्वार्थमा ढाल्न जे पनि गर्ने मनस्थिति हावी भएकाले दलहरूमा बेथिति र असंगति गहिरिँदो छ । लोकतान्त्रिक थिति जीवन्त र गतिशील बनाउने महत्वपूर्ण भूमिकाबाट दलहरू च्युत हुँदै छन । दलका शीर्षस्थहरूले जसरी उम्मेदवार चयन गरे, त्यसले दिने सीधा सन्देश यही हो ।

नेपालको राजनीतिमा दलहरूको उदय भइरहँदा तिनलाई जिम्मेवार राजनीतिक संगठनका रूपमा हेरियो । राजनीतिक दलहरूमा होमिएकाहरूले र जनताले पनि प्रत्येक दलमा सुसंगत विचारधारा भएको माने । ती विचारले नागरिकलाई केवल मतदातामा सीमित नराखी नेपालको साझा भविष्य निर्माण गर्न अनेकौं चौतारी उपलब्ध गराउने अपेक्षा राखे । सुसंगत विचारले उपलब्ध गराउने अनेकौं चौतारीकै आधारमा दलहरूले विशिष्ट किसिमको नीतिगत राजनीति गर्ने विश्वास राखे । तर आज सबै दलमा विचारको असंगति छ । लोकतान्त्रिक सहभागिता सुनिश्चित गर्ने साझा थलो उपलब्ध छैन । विचार र सहभागिताका आधारमा विशिष्ट किसिमको नीतिगत स्पष्टता छैन । आम अपेक्षाविपरीत दलहरू उल्टो मति र खतरनाक गतिमा अनुत्तरदायी शासकीय पद्धति निर्माणमा प्रतिबद्ध छन ।

फरक वैचारिकी, सुसंगत विचार अनुसारको जनसहभागिता र त्यसलाई साकार बनाउने नीतिगत परिकल्पनाको सर्वथा अभाव छ । यस्तो अभावले दलका राजनीतिक गतिविधिहरूलाई संस्थागत हुन दिएन । त्यसको ठीक उल्टो ससाना गिरोह र गुटहरूको गठजोड नै दल भयो । दलमा व्यक्तित्व र व्यक्तिविशेषको भक्ति हावी भयो । त्यस्तो व्यक्तित्व जोसँग आम मानिसको साझा भविष्यलाई शोषणबाट मुक्त राख्दै स्वावलम्बी बनाउने न कुनै विचार छ न प्रतिबद्धता । यस्तो विचारको अनुपस्थितिमा व्यक्तित्व हावी रहेको दलीय संगठन सबै दृष्टिकोणबाट व्यापक सहभागितासहितको लोकतान्त्रिक लक्ष्य हासिल गर्न असमर्थ छ । आज राजनीतिक दलहरूमा तीन किसिमका दृष्टिकोणहरूको संगम छ । एक, लोकहितमा रहेको प्रत्येक विचारलाई निषेध गर्ने सत्ता निर्माण । दुई, सत्तामा टिकिरहन चाहिने दलीय साँठगाँठ र भक्तजनहरूको मण्डली निर्माण, ताकि आम मानिसको साझा भविष्यबारे दलीय संगठनमा कुनै वैचारिक मतमतान्तर नहोस । तीन, राज्यको सार्वजनिक सम्पत्ति केवल नित्य लुट र निजी सम्पत्तिमा रूपान्तरण गर्ने गिरोह निर्माण । यी तीन दृष्टिकोणको संगमकै परिणाम सत्ता, शक्ति र भक्तिवरिपरि निर्माण भइरहेको लुटपन्थ नै राजनीति हो र राजनीतिक दलको कार्य यही लक्ष्यलाई सुनिश्चित गर्नु हो भन्ने भइरहेको छ । यसलाई तत्कालै सच्याउन नसकिए छिट्टै राजनीतिक दल र तिनका भ्रातृ(भगिनी संगठनहरू राजनीतिको आवरणमा अपराध संरक्षण गर्ने गिरोहमा परिणत हुनेछन । सार्वजनिक हितविपरीत हरकिसिमले सलबलाउनेछन ।

अहिले उम्मेदवार चयनको प्रक्रियामा दलहरूसँग लोकतान्त्रिक सहभागिता संस्थागत गर्ने पद्धति र मूल्य देखिएन । नीति र सिद्धान्त त हराइसकेकै छ । छ त केवल लोकहितविरोधी विचार, सत्तालिप्साको साँठगाँठ र त्यसलाई टिकाउने भक्तजनहरूको मण्डली । यस्तै मनस्थितिले राज्यको सार्वजनिक स्रोतको तीव्र निजीकरणलाई नित्य प्राथमिकतामा राख्दै राजनीतिक दलको नाम गिरोह बनाउन मद्दत पुग्छ । यस्तो गिरोहले सर्वप्रथम राजनीतिक दललाई दलका रूपमा काम नगर्ने वातावरण बनाउँछ । लुटपन्थ संस्थागत गर्न दल नै कब्जा गरिन्छ । तिनै दलका प्रतिनिधिहरू सरकारमा पुगेपछि केवल दुई किसिमको काम गर्छन । सबै प्रकारको लोकतान्त्रिक संस्था निर्माणमा बाधक बन्छन् र निजी हितका लागि सार्वजनिक सम्पत्तिको चरम दुरुपयोग गर्छन । यी दुई कार्य सुनिश्चित गरेपछि संस्थागत तवरमै लोकतान्त्रिक शक्ति सन्तुलनमा बन्देज लाग्छ । सत्तामा टिकिरहन सजिलो हुन्छ । लोकतान्त्रिक थितिमा जनगणका साझा भविष्य र जनजीविका प्रभावित गर्ने कुनै पनि निर्णय लिँदा नागरिक गणको सहभागिता कम्तीमा खासखास समयमा विशेष तरिकाले सुनिश्चित हुनैपर्छ । निर्वाचनमा उम्मेदवारहरूको छनोट त्यस्तैमध्येको विशेष क्षण हो । प्रतिनिधि छनोटले आम मानिसको भविष्यलाई लामो समयसम्म प्रभावित गर्छ । तर राजनीतिक दलहरूले जसरी उम्मेदवारहरूको चयन गरे, त्यसले प्रस्टसँग एउटै सन्देश दिन्छ( दलहरू व्यापक जनसहभागितालाई संस्थागत गर्ने सार्वजनिक संगठन हुन चाहँदैनन्, किनकि नेताहरूको मूल उद्देश्य राज्यको सार्वजनिक सम्पत्तिलाई नित्य लुट र निजी सम्पत्तिमा रूपान्तरण गर्ने गिरोह निर्माण गर्नु हो । नेपालको सामाजिक( राजनीतिक इतिहासमा सहभागितामूलक लोकतन्त्र विक्रमाब्दको बीसौं शताब्दीको अन्त्यताका योगमायाको नेतृत्वमा महिलाहरूको जलसमाधिसँगै प्रारम्भ भयो । एक्काइसौं शताब्दीको प्रारम्भमा मजदुर हडतालसँगै यो थप विकसित भयो । महिलाहरूको जलसमाधि र मजदुर हडतालबाट लोकतान्त्रिक गति लिएको सहभागिताले इतिहासका विभिन्न चरणमा सार्वजनिक वृत्तमा व्यापक अभियान, आन्दोलन र जनसंघर्षहरू छेड्यो । आन्दोलनहरूले प्रतिनिधित्वलाई विस्तार र संस्थागत गर्न सार्वजनिक प्रदर्शनहरूमार्फत चौतर्फी दबाब दिए । विगतमा राजारजौटामा मात्र सीमित रहेको थितिलाई बदल्दै आमजन इतिहास निर्माणको नयाँ अभियानमा प्रवेश गरे । यी आन्दोलनहरूभन्दा पहिले लोकलाई सार्वजनिक अधिकार दाबी गर्न वर्जित थियो । यिनै संघर्षहरूका बलमा लोकले ऐतिहासिक हकाधिकार विस्तार गरे । रैतीदेखि नागरिक बन्ने विचारले व्यापकता पायो । अर्को अर्थमा, संघर्षकै क्षणदेखि आम मानिस राजनीतिक समुदायका सक्रिय सदस्य भए । त्यसैले विभिन्न संघर्षको हिजो धेरै महत्त्व थियो । भोलि अझै रहनेछ ।

प्रस्ट छ, निर्वाचनमा प्रदर्शन गर्ने उत्तरदायित्व सुनिश्चित गर्न दलहरू उम्मेदवार चयनको चरणदेखि नै गैरजिम्मेवार छन । निर्वाचन आचारसंहिता प्रभावकारी बनाउँदै दलहरूलाई जवाफदेही बनाउने मुख्य दायित्व निर्वाचन आयोगको हो । यस्तो प्रक्रिया केही हदसम्म संस्थागत हुन सके, सानै दायरामा सही, प्रतिनिधित्वको बाध्यकारी प्रावधानले गर्दा सहभागिता निमिट्यान्न भइहाल्दैन । यस्तो अभ्यास पूर्णतः लोकतन्त्रको विपक्षमा छैन, तर यसले लोकतन्त्रलाई नितान्त कर्मकाण्डीय बनाउँछ । निर्वाचनदेखि निर्वाचनसम्मको नोकरशाही प्रक्रियामा ढाल्छ । यस्तो प्रक्रियाले सामाजिक वृत्तमा शक्ति(सन्तुलनलाई अप्रत्यक्ष किसिमले थोरबहुत तलमाथिसमेत गर्छ । निर्वाचनमा सीमित बनेको सहभागिताले लोकतन्त्रलाई पूर्ण अविश्वाससहित मात्र स्थायी बनाउँछ । आखिर लोकतान्त्रिक सहभागिताको अर्थ नागरिकलाई केही वर्षको अन्तरालमा केवल मतदातामा कैद गर्नु पक्कै होइन । ज्ञातव्य छ, दलहरूमा हावी प्रतिनिधित्वको प्रबल तर्कले लोकतान्त्रिक सहभागितालाई धेरै टाढा पुर्‍याउँदैन । बरु धेरै प्रकारले सीमित गर्छ । सके निस्तेज नै गर्छ । त्यसैले दलको दायराभन्दा फराकिलो किसिमले सहभागिताको परिकल्पना र अभ्यास टड्कारो छ । स्वतन्त्र उम्मेदवारीले यस्तो परिकल्पना र अभ्यासलाई मलजल गर्दैन । अपवादबाहेक प्रत्येक स्वतन्त्र उम्मेदवारलाई लागिरहेको छ( प्रधानमन्त्री शेरबहादुर देउवा, अध्यक्ष केपी ओली, सुप्रिमो पुष्पकमल दाहाल सबै बेइमान भए ! तिनीहरूका ठाउँमा म पुगे, धेरै ठीक हुन्छ । यस्तो लाग्नु राम्रो हो तर यसले चरम व्यक्तिवाद र गहिरो असंस्थागत अभ्यासलाई बल दिन्छ । लोकतान्त्रिक रूपान्तरणको प्रक्रियालाई खासै सघाउँदैन । यीमध्ये धेरै संयोगले उच्च कार्यकारी ओहोदामा पुगे सके देउवा, ओली वा दाहाल जस्तै हुने हुन्, नसके केही बिसेक फरक । किनकि स्वतन्त्रहरूको व्यक्तिवाद र असंस्थागत कल्पनामा ‘हिरोगिरी’ हावी छ जसले क्षणक्षणमा ताली र गाली खोज्छ तर लोकतान्त्रिक रूपान्तरणलाई संस्थागत गर्ने थिति खोज्दैन ।

अहिले नेपालका गाउँगाउँमा, सहरका टोलटोलमा ‘हिरोगिरी’ होइन, सामूहिक नागरिक थलो चाहिएको छ । त्यस्तो सामूहिक चौतारी जहाँ व्यापक जनसहमति अपरिहार्य होस । सामूहिक सहमतिबेगर विकासका नाममा वा अरू कुनै नाममा, आम मानिसको जनजीविका र साझा भविष्य प्रभावित गर्ने कुनै पनि रणनीति वा सार्वजनिक नीति अनुमोदन गर्न नसकियोस । यस्तो सार्वजनिक नागरिक थलोमा दलका नेता र कार्यकर्ताको भूमिका गौण बनोस । अन्ततः दलका नेता, तिनका आफन्तजन र नेताका भक्तजनहरूको छोटो स्वार्थ यसै पनि प्रस्ट छ । स्थानीय नागरिकका साझा थलो र सभाहरूले मात्र सामाजिक न्यायको हकाधिकारलाई राजनीतिक दलहरूको पासोबाट मुक्त गर्न सक्छन । यस्ता सभाहरू देशैभरि व्यापक भएका खण्डमा सहभागिता र लोकतान्त्रिक विमर्शको रूप फेरिन्छ । सार्वजनिक संवाद पनि अर्कै हुन्छ । स्थानीय जनताले राजनीतिक स्वामित्व लिने, व्यक्तिगत प्राथमिकतालाई किनारा लगाउँदै सार्वजनिक हितलाई उच्च राख्ने अभ्यास बढ्न थाल्छ। राजनीतिक दलको लोकतान्त्रिक रूपान्तरणका लागि समेत यस्तो थलोले रचनात्मक हस्तक्षेप गर्न सक्छ ।

दलहरूले लोकतन्त्रलाई उपहास बनाएका छन । त्यसैले नेपालका सम्पूर्ण जनगणलाई एउटै कुराले एकताबद्ध गरेको छ । त्यो हो( दलीय आचरण र त्यस्तो अभ्यासले निम्त्याएको सत्तादोहनप्रतिको चरम असन्तुष्टि । यस्तो समयमा लोकतान्त्रिक सहभागिता मतपेटिकामा होइन, मूलतः सार्वजनिक काल्पनिकीमा मात्र जीवित रहन सक्छ । सर्वत्र छाएको चरम असन्तुष्टिलाई स्थानीय तहमा आवश्यकता अनुसार बन्ने सार्वजनिक नागरिक थलोले मात्र चिर्न सक्छ । निजी स्वार्थबाट पर जब आम मानिसले एकअर्कालाई ध्यान दिन्छन् र साझा हितमा प्रतिबद्ध हुन्छन्, लोकतन्त्र सशक्त तरिकाले जीवन्त हुन सक्छ । स्थानीय तहमा एकअर्कालाई ध्यान दिनका लागि नागरिकहरू सामूहिक हिसाबले जिम्मेवार कार्यमा होमिनैपर्छ । सामूहिकतामा निहित रचनात्मकताले मात्र आफ्नो, परिवारको, समुदायको, राष्ट्रको, मानव जगत्को र पृथ्वीकै हितमा प्रतिबद्ध रहन उत्प्रेरित गर्छ । अनि लोकतन्त्रले न्यायोचित गति समात्न सक्छ ।

यसै पनि लोकतन्त्र कुनै स्थायी थिति होइन । निरन्तर उन्नत हुन सक्ने थिति हो । अंग्रेजी वाक्यांश सापटी लिँदा, ‘अ वर्क इन प्रोग्रेस’ हो । हाम्रो लक्ष्यका तुलनामा हाम्रा अभ्यासहरू सदैव अपर्याप्त प्रतीत हुन्छन्न । दलका अभ्यासहरू यसै पनि धेरै अपर्याप्त छन । अहिले हामीलाई चाहिएका सार्वजनिक सम्पत्तिलाई निजी स्वार्थमा परिणत गर्ने भ्रष्ट उम्मेदवारहरू होइनन्, बरु त्यस्ता राजनीतिक र सामाजिक अभियन्ताहरू हुन् जोसँग हाम्रा साझा गल्ती र कमजोरी पुनर्विचार गर्दै परिवर्तन गर्ने प्रतिबद्धता छरु। त्यस्तो प्रतिबद्धताले हामी आफ्ना गल्तीबाट सिक्दै नयाँ रचनात्मक विचारहरू प्रयोग गर्ने लोकतान्त्रिक अभ्यासमा होमिन सक्छौं । त्यस्तो अभ्यास जहाँ आम मानिसको साझा भविष्यलाई शोषणबाट मुक्त गर्दै स्वावलम्बी बनाउने कार्यले सदैव प्राथमिकता पाउँछ । कान्तिपुर

> **लोकतान्त्रिक थितिमा जनगणका साझा भविष्य र जनजीविका प्रभावित गर्ने कुनै पनि निर्णय लिँदा नागरिक गणको सहभागिता कम्तीमा खासखास समयमा विशेष तरिकाले सुनिश्चित हुनैपर्छ । निर्वाचनमा उम्मेदवारहरूको छनोट त्यस्तैमध्येको विशेष क्षण हो । प्रतिनिधि छनोटले आम मानिसको भविष्यलाई लामो समयसम्म प्रभावित गर्छ । तर राजनीतिक दलहरूले जसरी उम्मेदवारहरूको चयन गरे, त्यसले प्रस्टसँग एउटै सन्देश दिन्छ- दलहरू व्यापक जनसहभागितालाई संस्थागत गर्ने सार्वजनिक संगठन हुन चाहँदैनन्, किनकि नेताहरूको मूल उद्देश्य राज्यको सार्वजनिक सम्पत्तिलाई नित्य लुट र निजी सम्पत्तिमा रूपान्तरण गर्ने गिरोह निर्माण गर्नु हो । नेपालको सामाजिक(राजनीतिक इतिहासमा सहभागितामूलक लोकतन्त्र विक्रमाब्दको बीसौं शताब्दीको अन्त्यताका योगमायाको नेतृत्वमा महिलाहरूको जलसमाधिसँगै प्रारम्भ भयो । एक्काइसौं शताब्दीको प्रारम्भमा मजदुर हडतालसँगै यो थप विकसित भयो । महिलाहरूको जलसमाधि र मजदुर हडतालबाट लोकतान्त्रिक गति लिएको सहभागिताले इतिहासका विभिन्न चरणमा सार्वजनिक वृत्तमा व्यापक अभियान, आन्दोलन र जनसंघर्षहरू छेड्यो ।**

# मंसिर ४ को निर्वाचन पनि एउटा राष्ट्रिय चाड हो

**विष्णु सापकोटा**

मंसिर ४ को निर्वाचन पनि एउटा राष्ट्रिय चाड नै हुनुपर्ने हो तर हुँदै छैन । भ्रष्ट, अयोग्य र प्रतिगामीहरूलाई सत्तामा दोहोरिनका लागि चोख्याउने निश्चित जस्तै देखिएको आगामी निर्वाचनलाई 'पवित्र लोकतान्त्रिक पर्व' मान्न मनले मानेकै छैन ।

राजनीतिलाई माध्यम बनाएर राज्यदोहन गर्ने निरन्तरको अनैतिक अवसर कतै गुम्ने हो कि भन्ने विक्षिप्तताका कारण राजनीतिक वृद्धहरू र 'वैकल्पिक' प्रतिगामीहरूले चुनावलाई एउटा 'लोजिस्टिक' घटनामा साँघुऱ्याउँदै छन । उनीहरूमध्ये अधिकतमले आफू किन निर्वाचित हुनुपऱ्यो भनेर आफैंलाई सोध्ने नैतिक क्षमता गुमाइसकेका छन । भन्न जे भने पनि, सक्नेजति सबैले सबैसँग तालमेल गरेका छन्, गर्दै छन । किनकि यी सबैलाई थाहा छ, यिनीहरू त्यसैका लागि र केवल त्यसैका लागि मात्र योग्य छन ।

तैपनि दिनमै दर्जनौंका हिसाबले बाहिर आउने निर्वाचनसम्बन्धी समाचारहरूले हामीमध्ये धेरैलाई यसरी वशीभूत गरेका छन्, मंसिर ४ मा को(कोबीच, कस्तो प्रतिस्पर्धा हुँदै छ भनेर एकैछिन अडिएर सोच्ने 'स्पेस' हामीले आफैंलाई नदिएका हुन सक्छौं । चुनाव हुँदै छ, त्यसैले देशमा भयंकर हुँदै छ भन्ने मनोविज्ञानले गर्दा हामी साधनलाई साध्य ठानेर सतहमा रमाइरहेका हुन सक्छौं । कहिल्यै चोखिन नसक्ने गरी बिटुलिएकाहरूलाई चुनावी लहैलहैमार्फत फेरि शुद्धीकरण गर्न लागिरहेका हुन सक्छौं । त्यसैले, चुनावलाई दसैं-तिहारभन्दा ठूलो 'चाड' भनिरहेको यही रौनकबीच एकैछिन अडिएर सोच्नुपर्ने भएको छ( लोकतन्त्रमा चुनाव जुन उद्देश्यका लागि गरिन्छ, मंसिर ४ मार्फत हामी त्यो प्राप्त गर्नेवाला छौं ?

जसरी सिग्मन्ड फ्रोयडलाई साइकोयानलसिस (मनोविश्लेषण) का प्रणेता मानिन्छ, त्यसरी नै बीसौं शताब्दीका अर्का प्रख्यात मनोवैज्ञानिक कार्ल युङलाई यानलिटिकल साइकोलजी (विश्लेषणात्मक मनोविज्ञान) का संस्थापक मानिएको छ । फ्रोयड र युङको सुरुको मित्रता र पछिको सैद्धान्तिक पानी-बाराबार इतिहासमा यति चर्चित छ, यही कथामा आधारित भएर सन् २०११ मा बनेको 'अ डेन्जरस मेथड' भन्ने सिनेमा पनि निकै मन पराइएको थियो । मंसिरको चुनावमा कस्ता राजनीतिक प्रवृत्ति र 'व्यक्तित्व' हरूको प्रतिस्पर्धा कसरी होला भनेर बुझ्न फ्रोयडले भन्दा कार्ल युङले हामी मान्छेका बारेमा दिएर गएको विश्लेषण बढी सान्दर्भिक हुनेछ । त्यो बुझेपछि, चुनावी तालमेलका विक्षिप्तता र नतिजाका अंकगणितीय प्रक्षेपणहरूमा ध्यान दिए पनि हुन्छ, नदिए पनि ।

हामी सबैको अरूका अगाडि देखिने जुन 'पर्सनालिटी' (व्यक्तित्व) छ, त्यस शब्दको जरा ल्याटिनको 'पर्सना' बाट आएको हो । 'पर्सना' शब्दको मौलिक अर्थ हो- मास्क वा नकाब । अर्थात्, आफ्नो खास परिचयभन्दा बाहेक, कुनै नाटकमा कुनै खास चरित्रको भूमिका खेल्नुपर्दा जुन मुकुन्डो लगाएर आफ्नो फरक परिचयमा अभिनय गरिन्छ, 'पर्सना' भनेको त्यही हो । नाटकमा आफूले खेल्ने पात्रको चरित्र अनुसारको व्यक्तित्व बनाउनका लागि ओढिने व्यक्तित्व त राम्रै कुरा भयो । तर यस शब्दको मौलिक अर्थ पछ्याउँदै कार्ल युङको दर्शनले भन्छ- वास्तविक जीवनमा हामी जसरी बच्चाबाट प्रौढ हुँदै, हुर्कंदै जान्छौं, त्यो प्रक्रियामा हामी सबै अनिवार्य रूपमा एउटा वा अर्को 'पर्सनालिटी' को आवरण धारण गर्दै जान्छौं । आफैंले आफूलाई म त यस्तो व्यक्ति (पर्सना) हुँ भन्ने मानेर जिन्दगीको बाटो समात्छौंरु र, आफ्ना सोच र आचरणहरू त्यही धारण गरिएको आवरणअनुसार निर्धारण गर्दै आफ्नो सामाजिक व्यक्तित्व बनाउँछौं ।

यतिसम्म पनि ठीकै नै सुनिन्छ । तर आफ्नो सामाजिक व्यक्तित्व निर्माण हुने प्रक्रियामा के भइदिन्छ भने आफूभित्रका आफ्नै अरू मौलिक चरित्रहरूलाई मनभित्र लुकाउन थालिन्छरु। उदाहरणका लागि, कुनै युवाले आफूलाई भिक्षु बनायो भने उसको व्यक्तित्वले आफूमा अब कामवासना हुनेछैन भनी सोच्न थाल्छ । किनकि ऊ त भिक्षु हो । दुई-चारवटा कविता लेख्न थालेपछि कसैले आफ्नै बारेमा सोच्न थाल्छ- म त अब कवि हुँ, अब मैले बाँकी समाजसँग अन्तर्क्रिया कुनै कविले जसरी गर्नुपर्छ । कुनै सरकारी कर्मचारी छ भने भित्र जति नै भ्रष्ट भए पनि उसले 'म त राष्ट्रसेवक' भन्ने सामाजिक आवरण ओढेर आफैंलाई आफ्ना बारेमा ढाँट्न थाल्छ । यो सब गर्ने प्रक्रियामा हामीभित्र एउटा गम्भीर मनोवैज्ञानिक रूपान्तरणले काम गरेको हुन्छरु। हामीले आफ्ना अरू सबै वास्तविक व्यक्तित्वलाई मनभित्रै दबाएका हुन्छौं । बाहिरी रूपमा हामी सबै त्यो ल्याटिन शब्दले दिने अर्थजस्तो 'पर्सना' मात्र बाँचेका हुन्छौंरु। र आफ्ना अरू वास्तविक मनोवृत्ति जे छन्, ती सबै हाम्रो छाया बनेर अचेतनमा हुन्छन । ती छायाहरू विभिन्न मनोवैज्ञानिक प्रक्रियाबाट छद्म रूपमा मौका खोजी( खोजी फुत्तफुत्त बाहिर निस्किरहेका हुन्छन ।

युङको निष्कर्ष के छ भने, यदि कोही व्यक्ति भित्रबाट आलोचनासँग डराउने खालको छ भने उसले बाहिर आफूलाई निर्भीक छु भनेर प्रक्षेपण गरिरहेको हुन्छ । भित्रबाटै ऊ भ्रष्ट छ भने बाहिरी आवरणमा उसले अरूले भन्दा धेरै पारदर्शिताको गफ हाँकिरहेको हुन्छ । यदि कोही व्यक्ति आत्मकेन्द्रित छ र देशप्रति खासै माया छैन भने उसको सामाजिक व्यक्तित्वले अरूले भन्दा बढी राष्ट्रवादी कुरा गरिरहेको हुन्छ । किनकि उसको अचेतनलाई थाहा छ, ऊ औसत नागरिकजति पनि राष्ट्रप्रेमी छैन र केवल राजनीतिक स्वार्थका लागि उसले त्यस्तो अभिनय गरिरहेको छ । त्यसको प्रतिक्रियास्वरूप उसको व्यक्तित्व बाहिर निस्कँदा अरूभन्दा चर्को राष्ट्रवादी भइसकेको हुन्छ । रोचक भन्ने कि विडम्बना, यिनीहरूलाई आफ्नो भित्री झुकावबारे थाहै नहुन सक्छरु। मानिस स्वभावले बहुआयामिक हुने भए पनि उसले समाजमा धारण गर्ने व्यक्तित्व अक्सर एकांगी हुन्छ । उसका अरू सबै स्वभाव छाया बनेर सधैं ऊसँगै हिँडिरहेका हुन्छन ।

यति सैद्धान्तिक फेरो समातेपछि अब निर्वाचन किन र कसरी केवल छायाहरू बीचको मात्र प्रतिस्पर्धा हुँदै छ भनेर बुझ्न सजिलो हुन्छ । २०७९ सालको यो चुनाव संसदीय इतिहासकै वृद्ध नेतृत्व रहेका दलहरूको प्रतिस्पर्धा त हुँदै हो, सँगसँगै, अपवादबाहेक यसमा भाग लिने दलहरू सबै विगत पन्द्र वर्ष लगभग सधैं सत्तामा बसेकाहरूको जमात हो । समकालीन नेपालका जति पनि बेथिति र निराशाहरू छन्, ती सबैका प्रणेताहरू सामूहिक रूपमा यिनै हुन । र, फेरि पनि चुनावी प्रतिस्पर्धा मुख्यतः यिनीहरूबीच नै हुँदै छ ।

यसको अर्थ, यो चुनावमा यिनीहरूले आलोचना गर्ने सामूहिक रूपमा आफूले आफूलाई नै हो । यिनीहरूले कसैका विरुद्ध आफूलाई भोट माग्दै छन् भने त्यो आफ्नै विरुद्ध माग्दै छन । यिनीहरूको कसैसँग प्रतिस्पर्धा छ भने त्यो आफ्नै छायासँग छरु। यिनीहरू लड्ने, भिड्ने, डराउने सबै आफ्नै छायासँग मात्र हुन्रु। यिनका छायाहरूले यिनीहरूको अचेतनको कस्तो वास्तविक स्वभावको प्रतिनिधित्व गर्छन् भनेर मूल्यांकन गर्दा आगामी चुनावमा देखिने प्रवृत्ति अहिले नै आकलन गर्न सकिन्छ ।

दशकौंदेखि देशमा कुशासनका खलनायकहरू यिनै हुन । चुनावी प्रचारमा अब यिनैले मुलुकमा कसरी सुशासनको युग सुरु गर्नेछौं भनेर भाषण गर्नेछन । वर्षौंदेखि यिनैले आफू सत्तामा जान र टिक्नका लागि राष्ट्रियतालाई क्रमिक रूपमा कमजोर बनाउँदै लगेका छन । र, यिनै फेरि लाज नमानीकन राष्ट्रियता जोगाउन आफूलाई भोट हाल्नु भन्दै आउनेछन्रु। वर्षौंदेखि दलाल पुँजीवादलाई प्रश्रय दिँदै, आफू र आफ्ना आसेपासेको रजाइँ चलाउन जसले प्रमुख भूमिका खेलेका छन्, तिनैले अब समाजवाद कस्तो हुनुपर्छ भनेर फेरि एक पटक भाषण गर्नेछन। राजावादी रुझानका सबै व्यक्ति र दलले, राजतन्त्र भएको भए आफ्नो वा आफ्ना पितापुर्खाको भक्तिको प्रभावमा बिनाप्रतिस्पर्धा खान पाउने अंश अहिले 'पहिले चप्पल लगाउनेहरूले' खोसे भन्ने ग्रन्थीलाई विभिन्न छायामार्फत प्रकट गर्नेछन ।


जजसले नेपालमा कम्युनिस्टहरू बढी ढोंगी हुन्छन् भन्छन्, तिनले मान्छेको आधारभूत स्वभाव र मार्क्सवाद नबुझेका हुन्रु। तिम्रो आफ्नो निजत्वका लागि भन्दा समाजका लागि बाँच भन्ने ! तिमीलाई नाच्न मन लाग्यो भने पनि समाजका लागि नाच भन्ने, गाउन मन लागे केवल समानताका लागि गाऊ भन्नेरु। जब मान्छेले आफ्नो कुनै पनि स्वभावजन्य आचरण गर्न पाउँदैन, अनि ऊ ढोंगी नभएर के हुने त ? जो ढोंगी छ, उसले आफू त्यस्तो भएको थाहै पाएको हुँदैन । बाहिरबाट सबैले देख्न सक्ने उसका ती ढोंगहरू जो छन्, युङले भनेका छायाहरू तिनै हुन । कम्युनिस्ट नेता र कार्यकर्ताले ( विपरीत विचारधाराका मान्छेलाई भन्दा आफ्नै राजनीतिक गोत्रका पूर्वसहकर्मीलाई जति पनि सत्तोसराप गर्छन् नि, त्यो तिनीहरूको छायाले आफैंलाई गरेको गाली हो । किनकि हाम्रो सामाजिक नकाबले आफैंलाई गाली गर्न दिँदैन । तर आफू भित्रबाट जे हो, हाम्रो अचेतनको भूतले आफैंलाई गाली

बाँकी ६ पृष्ठमा

खाना पकाउने ग्याँस (एल.पी. ग्याँस) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी
नेपाल आयल निगम लि. को
अति आवश्यक जानकारी

एल.पी. ग्याँस अत्यन्तै प्रज्वलनशिल पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवं सावधानी अपनाउनु जरुरी हुन्छ । त्यसैले खाना पकाउने ग्याँसको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्तावर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ ।

दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरु :

१. सिलिण्डर ल्याउदा लैजादा नगुडाऔं । भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्टाएर प्रयोग नगरौं ।
२. रेगुलेटर, रवर, पाइप, चुलोजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौ । साथै हरेक दुई वर्षमा ग्याँसको पाइप फेरौ ।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं।
४. खाना पकाउदा सधै झ्याल ढोका खुल्ला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौ ।

ग्याँस चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरु :




१. खाना पकाउने स्थानमा एल.पि. ग्यासको तिखो गन्ध आइरहेको छ भने ग्याँस चुहिएको भन्ने बुझ्नु पर्दछ। ग्याँस लिक भएमा पहिले रेगुलेटरको र पछि चुल्होको नव बन्द गरौ ।
२. झ्याल ढोका खुल्ला राखौ र झिल्का निस्कने बस्तुहरु जस्तै ग्याँस चुल्हो, सलाई, लाईटर, धुप आदि नबालौ । विद्युतजन्य उपकरणको प्रयोग नगरौ ।
३. ग्याँस लिक भएमा रेगुलेटरलाई सिलिण्डरबाट छुटाई सिलिण्डरमा सेफ्टी क्याप लगाइ बाहिर खुल्ला स्थानमा राखौ र यथाशिघ्र नजिकको ग्याँस विक्रेता अथवा ग्याँस उद्योगमा सम्पर्क गरौ ।

"सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।"
उपभोक्ता जनहितका लागि जारी
नेपाल आयल निगम लि.
केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं, नेपाल
०१-४२६३४८५, ४२६३४८१

# रामेछाप डायरी

## रामेछापमा प्रतिनिधिसभाको एक सिटका लागि ५ जना स्वतन्त्रसहित २२ जनाको उम्मेदवारी

रामेछाप । रामेछापमा प्रतिनिधिसभा र प्रदेशसभा सदस्यका लागि सत्ता गठबन्धनबाट आधिकारिक उम्मेदवार बनेका नेताहरूविरुद्ध नेपाली कांग्रेस र माओवादी केन्द्रबाट बेग्लाबेग्लै उम्मेदवारहरू खडा भएका छन् ।

प्रतिनिधिसभा र प्रदेशसभा दुवैतर्फ कांग्रेस र माओवादी केन्द्रबाट स्वतन्त्र उम्मेदवारको रुपमा नेताहरूले मनोनयन दर्ता गराएका हुन् ।

सत्ता गठबन्धनबाट प्रतिनिधिसभामा नेपाली कांग्रेस र प्रदेश सभाका दुवै क्षेत्रमा माओवादी केन्द्रका उम्मेदवारहरूले उम्मेदवारी दर्ता गरेका थिए ।

प्रतिनिधिसभा सदस्य पदमा कांग्रेसका पूर्णबहादुर तामाङ (कान्छाराम) ले टिकट पाएका छन् । त्यसका विरुद्ध कांग्रेसका पूर्व जिल्ला सचिव चन्द्र राउतले स्वतन्त्र उम्मेदवारी दर्ता गराएका छन् । राउत यसअघि जिल्लाबाट उम्मेदवारीको सिफारीसमा समेत परेका थिएनन् । उनी २०७४ को स्थानीय तहको निर्वाचनमा लिखु तामाकोशी गाउँपालिकाको अध्यक्ष पदमा एमालेका उम्मेदवार सँग पराजित भएका थिए ।

कांग्रेसकै नेता तथा नेपाल विद्यार्थी संघका पूर्वजिल्ला अध्यक्ष केदार विक्रम खड्काले नेपाली कांग्रेस बीपीबाट उम्मेदवारी दर्ता गराएका छन् । त्यसैगरी कांग्रेसका पूर्वजिल्ला सहसचिव सुवास घिसिङले समेत प्रतिनिधिसभामा नै उम्मेदवारी दर्ता गराएका छन् । उनले नेश्नलिस्ट पिपल्स पार्टीबाट उम्मेदवारी दर्ता गराएका हुन् ।

गठबन्धनबाट प्रतिनिधिसभामा नेपाली कांग्रेसलाई समर्थन गरेको माओवादी केन्द्रका नेता रामकुमार लामाले समेत प्रतिनिधिसभा सदस्य पदमै स्वतन्त्र उम्मेदवारी दिएका छन् ।

प्रदेशसभाका दुवै पदमा आफ्ना उम्मेदवारका विरुद्ध माओवादी केन्द्रका नेताहरूले स्वतन्त्र उम्मेदवारी दर्ता गराएका छन् । प्रदेश सभा (क) मा सत्ता गठबन्धनबाट उम्मेदवार भएका माओवादी केन्द्रका नेता तारानारायण श्रेष्ठका विरुद्ध माओवादीकै नेता रवीन्द्र पौडेल (गौरव) ले स्वतन्त्र उम्मेदवारी दर्ता गराएका छन् ।

त्यसैगरी माओवादी केन्द्रबाट प्रदेशसभा (ख) मा सत्ता गठबन्धनबाट आधिकारीक उम्मेदवार बनेका युवराज चौलागाईं विरुद्ध माओवादीका नेता डिल्लीमान तामाङले स्वतन्त्र उम्मेदवारी दर्ता गराएका छन् । उनी संविधानसभा २०६४ मा रामेछाप २ बाट निर्वाचित भएका थिए ।

प्रदेशसभामा माओवादी केन्द्रलाई समर्थन गरेको भए पनि नेपाली कांग्रेसबाट विद्रोह गरी कांग्रेस बीपीबाट प्रदेशसभा (क) मा जमुना कार्की खड्काले उम्मेदवारी दर्ता गराएकी छन् । उनी कांग्रेसकी पूर्व महासमिति सदस्य हुन् ।

यसैबीच, सत्ता गठबन्धनमा रहेको नेकपा एकीकृत समाजवादीका केही नेताहरूले पनि रामेछापमा स्वतन्त्र उम्मेदवारी दिएका छन् । प्रतिनिधिसभा र प्रदेशसभा दुवैमा एकीकृत समाजवादीका नेताहरूले उम्मेदवारी दर्ता गराएका छन् । सत्ता गठबन्धनले अवमूल्यन गरी हेपाहा प्रवृत्ति देखाएकाले उम्मेदवारी दर्ता गराएको र उक्त उम्मेदवारी फिर्ता नहुने एकीकृत समाजवादीका नेताहरूले बताएका छन् । सत्ता गठबन्धन दलका नेताहरूले नै स्वतन्त्र उम्मेदवारी दर्ता गराएपछि उनीहरूसँग उम्मेदवारी फिर्ताको विषयमा छलफल र परामर्श भइरहेको जिल्लाका शीर्ष नेताहरूले बताएका छन् । रामेछापमा प्रतिनिधिसभाको १ सिटका लागि ५ स्वतन्त्रसहित २२ जना उम्मेदवारले मनोनयन दर्ता गराएका छन् ।

## खाँडादेवीको भिरपानीमा यात्रुवहाक बस दुर्घटना

रामेछाप । रामेछापको खाँडादेवी गाउँपालिका वडा नं ३ भिरपानीमा यात्रुवाहक बस दुर्घटना हुँदा १३ जनाभन्द बढी यात्रु घाइते भएका छन् । खाँडादेवी गाउँपालिका कै वडा नं ७ बाट काठमाण्डौका लागि छुटेको बा ३ ख ४०४८ नम्बरको सुन्दरीमाई यातायातको यात्रुवाहक बस भिरपानीको धारापानीमा दुर्घटना हुँदा १३ जना घाइते भएका हुन् । घाइते हुनेहरुमा खाँडादेवी गाउँपालिका वडा नं ७ पाल्लेका युबराज तामाङ, अजय तामाङ, सुस्मिता तामाङ, रस्मि तामाङ, सपना तामाङ, रमेश तामाङ, बास्ना घिसिङ, बिकाश तामाङ, श्याम लामा, रिता घिसिङ, प्रेरणा श्रेष्ठ, सुमित्रा कार्की र धनराज तामाङ रहेका छन् । घाइते १३ जना मध्ये रिता घिसिङको अवस्था गम्भिर रहेको जिल्ला प्रहरी कार्यालय रामेछापका प्रहरी प्रमुख प्रहरी नायव उपरिक्षक राजकुमार थिङले जानकारी दिए । थिङका अनुसार घाइते सबैको उद्दार गरेर धुलिखेल अस्पतालमा उपचारको लागि पठाइसकिएको छ । आइतबार विहान करिव ११ बजे दुर्घटना भएको बस दुर्घटना स्थलबाट करिव तीन मिटर तल खसेको घटना स्थलमा पुगेका प्रहरी प्रमुख राजकुमार थिङले जानकारी बताए । दुर्घटना भएको यात्रुवाहक बस यस अघि उक्त रुटमा नचलेको र चालकका लागि नयाँ रुट भएर दुर्घटना भएको हुन सक्ने प्रहरीले प्रारम्भिक अनुमान गरेको छ । दुर्घटना र दुर्घटनामा परेको बसको बारेमा थप सोधपुछ गर्न बसका सहचालकलाई जिल्ला प्रहरी कार्यालयमा ल्याउन लागिएको थिङले बताए । बसका चालक पनि घाइते रहेको उनले बताए ।

## रामेछाप नेबिसंघको अध्यक्षमा बिनोद बुढाथोकी चयन

रामेछाप । नेपाल बिद्यार्थी संघ रामेछापको जिल्ला अध्यक्षमा बिनोद बुढाथोकी चयन भएका छन् । नेबिसंघ रामेछापका जिल्ला सचिब समेत रहेका बुढाथोकीलाई तिन महिना भित्र जिल्ला अधिबेशन सम्पन्न गर्ने गरी अध्यक्षको जिम्मेवारी तोकिएको छ । नेबिसंघका केन्द्रीय अध्यक्ष दुजाङ्ग शेर्पाले जिल्ला बुढाथोकीलाई २०७९ साल असोज १७ गते अध्यक्षको जिम्मेवारी दिदैं तीन महिना भित्र जिल्ला अधिबेशन सम्पन्न गर्न समेत भनिएको छ भने ११ बर्ष देखी जिल्ला अधिबेशन हुन नसकेको र बिधानमा ३२ वर्षको उमेर हदबन्दी कायम गर्न पर्ने भएकोले केन्द्रीय समितीले नयाँ नेतृत्व चयन गरेको पत्रमा उल्लेख छ । जिल्ला अध्यक्षको जिम्मेवारी पाए लगतै बुढाथोकीले पार्टी कार्यलयमा बिहिबार पत्रकार सम्मेलन गरी तीन महिना भित्र जिल्ला अधिबेशन सम्पन्न गर्ने बताए । बुढाथोकीले जिम्मेवारी पाएको दिनदेखि नै संगठन बलियो बनाउने र अधिबेशन केन्द्रित भएर काम गर्ने प्रतिबद्दता जनाए । बुढाथोकीले संघको विधि विधान र संघलाई थप गतिशिल बनाउने र तीन महिना भित्र जिल्ला अधिबेशन सम्पन्न गर्ने बताए । अब हुने अधिबेशनमा आफ्नो उम्मेद्वारी र दाबी नरहने समेत बुढाथोकीले बताए ।

# इन्भेष्टमेन्ट बैंकद्वारा लघुवित्त, विपन्न वर्ग र कृषि कर्जाको सुरक्षण गर्न कोषसँग सम्झौता

निक्षेप तथा कर्जा सुरक्षण कोष र नेपाल इन्भेष्टमेन्ट बैंकबीच लघुवित्त तथा विपन्न वर्ग कर्जा र कृषि कर्जा सुरक्षण गर्न सम्झौता भएको छ। सम्झौतापत्रमा कोषको तर्फबाट प्रमुख कार्यकारी अधिकृत रमेश घिमिरे तथा




बैंकको तर्फबाट प्रमुख कार्यकारी अधिकृत ज्योति प्रकाश पाण्डेले हस्ताक्षर गर्नुभएको हो। कार्यक्रममा कोषकी नायव प्रमुख कार्यकारी अधिकृत उषा पौडेल लगायत विभागीय प्रमुखहरु र बैंकका अधिकारीहरुको उपस्थिति रहेको थियो।

सम्झौता अनुसार यस बैंकले कृषि व्यवसायको लागि प्रवाह गरेको तीन करोडसम्मको कर्जा कोषले सुरक्षण गर्नेछ। तीन करोडसम्मको यस्तो कर्जा मध्ये १ करोडभन्दा माथिको कर्जा प्रवाहको हकमा भने बैंकले कोषको पुर्व स्वीकृति लिनुपर्नेछ। साथै, बैंकले लघुवित्त तथा विपन्न वर्ग कर्जा अन्तर्गत बिना धितो सामुहिक लमानीमा लगानी गर्ने प्रति व्यक्ति दश लाखसम्म, शैक्षिक प्रमाणपत्र धितो जमानीमा लगानी गर्ने प्रति व्यक्ति ७ लाखसम्म, धितो जमानीमा लगानी गर्ने प्रति व्यक्ति २० लाखसम्म, वैदेशिक रोजगारबाट सिपमुलक तालिम लिई फर्केका युवा तथा दलित समुदायका व्यक्तिलाई सामुहिक जमानी वा परियोजना धितो अन्तर्गत लगानी गर्ने प्रति व्यक्ति १० लाखसम्म, कोषको पुर्व सहमति लिई महिलाद्धारा संचालित लघु उद्यम परियोजना अन्तर्गत परियोजना धितो राखी वा व्यक्तिगत वा सामुहिक जमानीमा लगानी गर्ने १५ लाखसम्मको कर्जा कोषले सुरक्षण गर्नेछ।

त्यसैगरी यस प्रकारको सुरक्षण हुने कर्जामध्ये कृषि कर्जा सुरक्षण शुल्क वार्षिक ० दशमलव ६ प्रतिशत र लघु वित्त तथा विपन्न वर्ग कर्जा तर्फ सुरक्षण शुल्क वार्षिक ० दशमलव ८ प्रतिशत रहेकोमा ५० प्रतिशत नेपाल सरकारले अनुदान वापत बेहोर्ने र बाँकि ५० प्रतिशत मात्र दुई किस्तामा बैंकले कोषमा बुझाउनेछ। कोषमा सुरक्षित कर्जा लिने ऋणीको मृत्यु भएमा वा प्राकृतिक प्रकोपबाट परियोजना क्षति भएमा वा अन्य विभिन्न कारणबाट कर्जा असुली हुन नसकेमा बैंकले दाबी गर्न सकेन भने उक्त दाबी कोषले ८० प्रतिशतसम्म भुक्तानी गर्नेछ।

# सनराइज क्यापिटलको साधारण सभा कार्तिक १८ गते हुने

काठमाडौं। सनराइज क्यापिटल लिमिटेडले कार्तिक १८ गते १२औं वार्षिक साधारण सभा गर्ने भएको छ। क्यापिटलको असोज ११ गतेको सञ्चालक समितिको बैठकले कम्पनीको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाडौंमा दिउँसो २ बजे सभा गर्ने निर्णय गरेको हो।

सभाले गत आर्थिक वर्ष २०७८/७९ सम्मको वार्षिक प्रतिवेदनसहितका वित्तीय विवरणहरु पारित गर्नुका साथै प्रस्तावित २५ प्रतिशत करसमेतको नगद लाभांशलाई समेत वितरणयोग्य बनाउनेछ।

सभाले सञ्चालक समितिले सिफारिस गरे बमोजिम कम्पनीको नियमावलीको दफा २९ (२) मा संशोधन गरी स्वतन्त्र व्यवसायिक सञ्चालकको कार्यकाल चार वर्ष कायम गर्ने प्रस्तावसमेत पारित गर्नेछ।

त्यसैगरी सभाले प्रबन्धपत्र तथा नियमावली संशोधनका लागि आवश्यक जिम्मेवारी सञ्चालक समितिलाई दिने अख्तियारी समेत सभाले दिनेछ।

# निर्जीवन बीमा कम्पनीले एक महिनामै आर्जन गरे तीन अर्ब ३९ करोड बीमा शुल्क

काठमाडौं। निर्जीवन बीमाकम्पनीले भदौ महिनामा मात्रै तीन अर्ब ३९ करोड रुपैयाँ बीमा शुल्क आर्जन गरेका छन्। गत साउनमा कम्पनीहरुले चार अर्ब ४७ करोड रुपैयाँ बीमा शुल्क आर्जन गरेका थिए। कम्पनीको व्यवसाय साउनको तुलनामा भदौमा ३१ प्रतिशतले घटेको छ। सरकारले कित्ताकाट घटाउदा घरजग्गाको कारोबार ठप्प छ। अर्को तर्फ बैंक वित्तीय संस्थाले घर कर्जा प्रवाह गर्न सकेका छैनन्। यसले गर्दा पनि भदौमा निर्जीवन बीमा कम्पनीको व्यवसाय खुम्चिएको हो।

भदौ महिनामा सर्वाधिक धेरै राष्ट्रिय बीमा संस्थाले ३६ करोड १८ लाख रुपैयाँ बीमा शुल्क आर्जन गरेको छ। कम्पनीले गत साउनमा ८४ करोड २८ लाख रुपैयाँ बीमा शुल्क आर्जन गरेको थियो। कम्पनीले सरकारी स्तरबाट हुने बीमाको नविकरण मार्फत उक्त बीमा शुल्क आर्जन गरेको थियो। तर भदौमा सोहि अनुपातमा व्यवसाय नभित्रिदा समग्र निर्जीवन बीमा कम्पनीहरुकै व्यवसाय घटेको देखिएको हो।

भदौमा मात्रै सर्वाधिक दोस्रो धेरै व्यवसाय गर्नेमा शिखर परेको छ। शिखरले ३१ करोड ७१ लाख रुपैयाँ आर्जन गरेको छ। कम्पनीले गत साउनमा ३५ करोड ५२ लाख रुपैयाँ आर्जन गरेको थियो। तेस्ते तेस्रो धेरै बीमा शुल्क आर्जन गरेको नेकोले भदौमा २६ करोड ८६ लाख आर्जन गर्दा साउनमा भने २७ करोड १० लाख थियो। चौथो धेरै व्यवसाय भित्र्याएको सगरमाथाले भदौमा २६ करोड ११ लाख आर्जन गर्दा साउनमा ३२ करोड ६२ लाख रुपैयाँ आर्जन गरेको छ। त्यस्तै सिद्धार्थले साउनमा ३० करोड आर्जन गर्दा भदौमा भने २३ करोड मात्रै छ।

यसरी सर्वाधिक धेरै व्यवसाय गरेका कम्पनीकै व्यवसायमा गिरावट आएको छ। नयाँ तर्फको अजोडले भने भदौमा १५ करोड १६ लाख आर्जन गरेको छ भने साउनमा १६ करोड थियो। यस महिनामा सबै भन्दा कम जनरल र सानिमा जरलको छ। जनरलले ६ करोड ६३ लाख आर्जन गर्दा सानिमाको भने ८ करोड २५ लाख मात्रै छ। यि दुबै कम्पनी मर्जरको अन्तिम घडीमा छन्।

# महालक्ष्मी विकास बैंकको सहयोग

महालक्ष्मी विकास बैंकका शाखाहरुले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत विभिन्न कार्यक्रम सम्पन्न गरेका छन्। बैंकको मकवानपुरस्थित कमाने शाखाद्वारा हेटौंडा अस्पताललाई कुर्सी हस्तान्तरण गरिएको छ। हेटौंडा अस्पतालको नवनिर्मित भवनमा सेवा लिन आउने बिरामीलाई सहज बनाउन सो सहयोग गरेको बैंकले जनाएको छ।



बैंकको तनहुस्थित आबुँखैरेनी शाखाले आबुँखैरेनी क्याम्पसलाई पंखा हस्तान्तरण गरिएको छ। बैंकले विद्यालयमा अध्ययनरत विद्यार्थीको पठन पाठनमा सहज बनाउन १५ थान पंखा हस्तान्तरण गरेको हो।

बैंकको नारायणगढ शाखाद्वारा भरतपुर महानगरपालिका आँपटारी, मिलनटोलमा अवस्थित शिवालय मन्दिरलाई कुर्सी हस्तान्तरण गरेको छ। मन्दिरमा दर्शन गर्न आउने दर्शनार्थी र मन्दिर परिसरमा घुम्न आउने जेष्ठ नागरिकलाई आराम गर्न सहयोग गर्न सहयोग गरेको बैंकले जनाएको छ।

यस्तै बैंकको मैतिदेवी शाखाद्वारा काठमाडौं महानगरपालिका वडा नं ३० मा अवस्थित मैतिदेवी मन्दिरमा सिसी क्यामेरा जडान गरिएको छ। मन्दिरमा दर्शन गर्न आउने दर्शनार्थीहरु साथै मन्दिर परिसरको सुरक्षाका निम्ति बैंकले मैतिदेवी मन्दिर क्षेत्र प्रवन्ध समितिसँग समन्वय गरी २ थान सिसी क्यामेरा जडान गरेको हो।

# ग्रामीण विकास लघुवित्तको अध्यक्षमा दंगाल

ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लिमिटेडको सञ्चालक समितिको अध्यक्षमा शिवहरि दंगाल नियुक्त भएका छन्।

संस्थाको सञ्चालक समितिको २४ असोजमा बसेको बैठकले दंगाललाई अध्यक्ष पदमा नियुक्त गर्ने निर्णय गरेको हो। नवनियुक्त अध्यक्ष दंगाललाई नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक डा. गुणाकर भट्टले पद तथा गोपनियताको सपथ गराएका छन्। सो अवसरमा



संस्थाका सञ्चालक मनोजकुमार खडका, भरतराज कोइराला र प्रमुख कार्यकारी अधिकृत श्यामकुमार कटुवालको समेत उपस्थिति थियो।

यसअघि दंगाल सोही संस्थामा २०७८ देखि संस्थापक सेयरधनीको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्दै आएका थिए। सञ्चालक समितिले दंगाललाई अध्यक्ष पदमा नियुक्त गरेसँगै संस्थाले थप नयाँ उचाइ लिने विश्वास व्यक्त गरिएको छ।

# सिटिजन्स बैंकको प्रस्तावित लाभांश पाउने

काठमाडौं। सिटिजन्स बैंक इन्टरनेशनल लिमिटेडको लाभांश सुरक्षित गर्ने आज अन्तिम दिन रहेको छ। साधारण सभा प्रयोजनका लागि कम्पनीले असोज २८ गते एक दिन बुक क्लोज गर्ने भएकाले असोज २७ गतेसम्म कायम शेयर धनीहरू मात्र लाभांश प्राप्त गर्न र सभामा भाग लिन योग्य हुनेछन्।

यस वर्ष कम्पनीले करसमेत गरी ९ प्रतिशत नगद लाभांश वितरणको प्रस्ताव गरेको छ। हाल कम्पनीको चुक्तापूँजी रू १४ अर्ब २० करोड ९ लाख ७४ हजार रहेको छ। सोही पूँजीको आधारमा रू १ अर्ब २७ करोड ८० लाख बराबरको नगद लाभांश कम्पनीले वितरण गर्ने प्रस्ताव गरेको छ।

उक्त लाभांश पारितका लागि कम्पनीले आगामी कात्तिक ४ गते १६औं वार्षिक साधारण सभा बोलाएको छ। वाणिज्य बैंकहरूमध्ये सबैभन्दा पहिला लाभांश प्रस्ताव गरेको यस कम्पनीले साधारण सभासमेत सबैभन्दा पहिला गर्न लागेको हो।

कम्पनीले सभा अमृतभोग कालिकास्थान डिल्लीबजार, काठमाडौंको विहान ११ बजे सभा बोलाएको छ।

## अर्थ संसार

# एनआईसी एशियाका ग्राहकलाई भाटभटेनीमा स्मार्ट क्युआरबाट भुक्तानी गर्दा विशेष छुट

एनआईसी एशिया बैंकका ग्राहकले भाटभटेनी सुपरमार्केटमा डेबिट/क्रेडिट कार्डबाट तथा मोबाइल बैंकिङ (एनआईसी एशिया मोबैंक) एपबाट स्मार्ट क्युआर स्क्यान गरी भुक्तानी गर्दा अधिकतम १० प्रतिशत वा ५०० रुपैयाँसम्म छुट उपलब्ध हुने योजना रहेको छ।

बैंकले नेपालीहरुको महान चाड दसैं, तिहार, छठलगायतका पर्वको पावन अवसरमा डिजिटल कारोबारलाई प्रोत्साहन गर्न यही असोज १ गतेदेखि कात्तिक १५ गतेसम्म भाटभटेनी सुपरमार्केटबाट तयारी पोसाक तथा जुत्ताचप्पल खरिद डिजिटल भुक्तानी गर्ने ग्राहकलाई उक्त आकर्षक छुटको व्यवस्था गरेको हो। बैंकले यसअघि सार्वजनिक गरेको 'दसैं-तिहार महोत्सव' योजनामा पनि भाटभटेनी सुपरमार्केटलगायत सेल्सबेरी, बिगमार्ट, साथीमार्ट (५ वटा शाखामा मात्र)लगायत दर्जनौं मर्चेन्टहरुमा विभिन्न सामग्री खरिद गरी डिजिटल भुक्तानी गर्दा २० प्रतिशतसम्म क्यासब्याक तथा छुट उपलब्ध गराइरहेको छ। जसअनुसार आउँदो कात्तिक १५ गतेसम्म सेल्सबेरी, बिगमार्ट र साथीमार्टबाट




विभिन्न सामग्रीहरु खरिद गरी यो बैंकको डेबिट वा क्रेडिट कार्डमार्फत पीओएस तथा एनआईसी एशिया मोबैंकमार्फत क्युआर भुक्तानी गर्दा १० प्रतिशत वा ३०० रुपैयाँसम्म क्यासब्याक तथा छुट उपलब्ध रहेको छ। त्यसबाहेक उक्त योजनामा विभिन्न ब्रान्डबाट अनलाइन सामग्री खरिद गरी ई-कमर्स भुक्तानी गर्दा २० प्रतिशतसम्म क्यासब्याक तथा छुटको प्रबन्ध मिलाइएको छ। एनआईसी एशिया बैंक मुलुकमा सबैभन्दा धेरै बैंकिङ सञ्जाल विस्तार गरेको बैंक हो। बैंकले मुलुकभर ३५९ शाखा कार्यालय, ४७३ एटीएम, १०२ वटा विस्तारित काउन्टर एवं ८१ वटा शाखारहित शाखा सञ्जाल विस्तार गरेको छ। देशको कुल जनसंख्यामध्ये २० वर्षदेखि ५० वर्ष उमेर समूहसम्मको आर्थिक रुपमा सक्रिय जनसंख्याको करिब २५ प्रतिशत जनतालाई सेवा दिन बैंक सफल भएको छ। देशको अर्थतन्त्रको सवलीकरण तथा उच्च आर्थिक वृद्धिमा टेवा पुर्याउन उत्तरदायी बैंकिङको अभ्यास गर्दै स्थापनाकालदेखि हालसम्ममा प्रत्यक्ष र अप्रत्यक्ष गरी कुल रु. १९ अर्ब ९२ करोडभन्दा बढी राजश्व नेपाल सरकारलाई भुक्तानी गरेको र गत आर्थिक वर्षमा रु. ३ अर्ब ४१ करोडभन्दा बढी राजश्व नेपाल सरकारलाई बुझाई समग्र वाणिज्य बैंकहरुमध्ये सबैभन्दा बढी कर दाखिला गर्ने बैंकको रुपमा स्थापित हुन बैंक सफल भएको छ। जुन समग्र देशको अन्य कम्पनीहरुको तुलनामा छैटौं ठूलो योगदान रहेको छ। वित्तीय समावेशीकरणका लागि मुगु, कालिकोट, बझाङ, रुकुम, जुम्ला, सल्यानजस्ता बैंक तथा वित्तीय संस्थाहरुको उपस्थिति न्यून रहेका दुर्गम जिल्लाहरुमा तथा कुनै पनि बैंक तथा वित्तीय संस्थाहरु नपुगेको ३४ भन्दा बढी स्थानीय निकायहरुमा शाखा विस्तार गरी सञ्चालन गर्दै आइरहेको छ। देशको कुल जनसंख्याको ८० प्रतिशतभन्दा बढी बसोबास गर्ने ग्रामीण तथा साना सहरी क्षेत्रमा बैंकले आफ्ना ७२ प्रतिशत शाखा कार्यालयहरु स्थापना गरेको छ।

# गुराँस लाइफको १२ औं वार्षिक साधारण सभा गर्ने

काठमाडौं। गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको असोज १२ गते बसेको संचालक समितिको बैठकले गत आर्थिक वर्षको मुनाफाबाट ७ दशमलव ४४ प्रतिशत बोनश शेयर र कर प्रयोजनका लागि ० दशमलव ३९१७१ प्रतिशत नगद लाभांशको प्रस्ताव गरेको छ। त्यस्तै, कम्पनीको सो संचालक समितिको बैठकले कार्तिक ४ गते आफ्नो १२औं वार्षिक साधारण सभा गर्ने मिति तय गरेको छ। सभा कम्पनीको प्रधान कार्यालय राजभवन, तिनकुने काठमाडौंमा हुनेछ। सभा विहान ११ बजे भौतिक तथा जुम मार्फत हुने जनाएको छ। सभाले संचालक समितिको वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने, लेखापरीक्षकको प्रतिवेदन सहित २०७७ असार मसान्तको हिसाब, नाफा, नोक्सान, वासलात, वित्तीय विवरण र त्यस सम्बन्धीका अनुसूचिहरु छलफल गरी पारीत गर्ने,लेखापरीक्षण समितीको सिफारिसमा संचालक समितिबाट र कम्पनी रजिष्ट्रको कार्यालयबाट २०७६/७७ को लागि नियुक्त भएका सिए विनय प्रकाश श्रेष्ठ र केएएस एसोसिएट आक्यान नियुक्ति र पारीश्रमिक अनुमोदन गर्ने प्रस्ताव पारित गर्नेछ। त्यस्तै, सभाले आर्थिक वर्ष २०७७/७८ को लागि लेखा परीक्षक नियुक्ति र निजको पारीश्रमिक तोक्ने प्रस्ताव पारित गर्नेछ। सभाले यस कम्पनी यूनियन लाइफ, प्राइम लाइफ एक आपसमा गाभ्ने गाभिने सम्बन्धमा मर्जर समितिबाट पेश हुन आएकोमा प्रारम्भिक सम्झौतापत्रको मस्यौदा स्वीकृत गर्ने र मर्जरको लागि संचालक समितिले गरेको कामको अनुमोदन गर्नेछ। सभाले मर्जरको सम्बन्धमा शेयर कारोबार रोक्काका लागि पत्राचार गर्ने, कम्पनीको सम्पति दायित्व मुल्याकंन गर्नका लागि मुल्यांकनकर्ता, परामर्शदाता र लेखापरीक्षकहरु नियुक्ति गर्ने र उनीहरुको पारीश्रमिक निर्धारण गर्ने, एक आपसमा गाभ्ने गाभिने प्रस्ताव पारित गर्नका लागि बीमाङ्कीय मुल्याकंनकर्ता नियुक्ती र नीजको पारीश्रमिक निर्धारण गर्ने प्रस्ताव पारित गर्नेछ।

# रेम्पोछेको म्युजिक भिडियो सार्वजनिक

काठमाण्डौं-झण्डै साढे दुई दशक यता बौद्ध दर्शनको अध्ययनमा लागेका आचार्य पेरिक रिन्पोछेले प्राणी र प्रकृति



प्रेम र अहिंसा सम्बन्धी गीतको म्युजिक भिडियो गएको शनिवार सार्वजनिक गरेका छन्। काठमाडौंको बौद्धस्थित उत्पला क्याफेमा आयोजित एक कार्यक्रममा 'प्रकृति' नामको सो गीत सार्वजनिक गरिएको हो। उक्त गीतको शब्द, संगित र स्वर आचार्य पेरिक स्वयमको हो। जी पुनले उक्त गीतको अरेन्ज गरेका हुन् भने म्युजिक भिडियोमा बाल कलाकार आरोही कार्की, अनिमेश केसी र रिता बरइलीले अभिनय गरेका छन्।

गीतमा पशुप्राणी र प्रकृतिलाई हामीले आफन्तझैँ माया गर्नुपर्ने उल्लेख छ। म्युजिक भिडियो सार्वजनिक कार्यक्रममा बोल्दै खेन् रिम्पोछे ग्याल्छेनले 'बोधिपथमा सत्य सन्देश दिनका लागि बौद्ध भिक्षुले गीत गाउनुमा कुनै खराबी नभएको बरु सद्कर्म भएको' बताए। कार्यक्रममा बोल्दै संगितकार न्ह्यु बज्राचार्यले, आचार्य पेरिकले पनि अन्य केही बौद्ध भिक्षुहरूले जस्तै गीत गाएर प्राणी कल्याणका लागि राम्रो काम गरेको बताए। 'बौद्ध भिक्षुहरूले गीत गाउनुहुन्न पनि भन्ने सुनिन्छ तर उहाँले जगत् कल्याणका लागि गीत गाएर राम्रो काम गर्नुभएको छ।'

सो कार्यक्रममा बोल्दै गायिका चिरिमाया महर्जनले मान्छेमाथि अन्याय हुँदा बोल्नेहरु भएपनि पशुका लागि बोल्नेहरु एकदमै कम भएको र आचार्य पेरिकले पशुप्राणीका लागि समेत बोलिदिएर समग्र प्रकृतिलाई नै ठूलो गुन लगाएको बताइन्।

त्यस्तै संगीतकार प्रविन बराइली, अहिंसा अभियन्ता कृष्ण गुरुङ र प्रकाश मिश्रले गीतका बारेमा आ-आफ्नो मन्तव्य राख्दै आचार्य पेरिकको गीतले मान्छेलाई थप संवेदनशील र अहिंसाप्रिय बनाउन मद्धत गर्ने बताएका थिए। कार्यक्रममा आफ्नै गीतका बारेमा बोल्दै आचार्य पेरिकले दुई वर्षअघि नै गीत बनिसकेको भएपनि कोरोनाका कारण सबै काम नसिएका कारण म्युजिक भिडियो सिर्जनामा ढिलाई भएको बताएका थिए। आचार्य पेरिकले यस अघि पनि 'हामी खाना होइन' भन्ने अहिंसा गीत तथा हामी थुप्रै बौद्ध भजनहरू गाइसकेका छन्। आचार्य पेरिकले आफूले गीत पैसा कमाउनका लागि नभई अहिंसा प्रर्वधनका लागि गाएको बताए। उनले आफ्नो गीत जोसुकैले निशुल्क उपयोग गर्न पाउने पनि बताए।

## नेकपा (माले)का देशभरीमा उम्मेद्वारी दिएका नामावली

***प्रतिनिधिसभामा उम्मेद्वारी दिएर प्रतिस्पर्धामा उत्रिएका नामहरु***

१ विनय पंजियार सिराहा क्षेत्र नम्बर - ४,
२ अनवरी खातुन, रौतहट क्षेत्र नम्बर ४
३ भीमबहादुर वली सल्यान निर्वाचन क्षेत्र नम्बर -१
४ सुरेन्द्र ढकाल काठमाडौ क्षेत्र नम्बर -१,
५ मोहन कार्की रामेछाप- क्षेत्र नम्बर १,
६ दीपक लामिछाने- भक्तपुर क्षेत्र नम्बर -१,
७ खिमराज शिवाकोटी दोलखा- क्षेत्र नम्बर १,
८ लीला माया पौडेल क्षेत्र नम्बर -४,
९ गणेश कपाली काभ्रेपलान्चोक क्षेत्र नम्बर- १,
१० केशव उप्रेती- नुवाकोट क्षेत्र नम्बर -१,
११ कृष्ण दहाल, मकवानपुर- क्षेत्र नम्बर १,
१२ उद्धव अधिकारी मकवानपुर- क्षेत्र नम्बर २
१३ दीननाथ घिमिरे पाँच थर निर्वाचन क्षेत्र -१,
१४ उद्दिम खड्का,मोरङ क्षेत्र नम्बर ३,
१५ विष्णु प्रसाद वास्तोला, सोलु- खुम्बु क्षेत्र नम्बर १,
१६ राम प्रसाद चम्लागाई उदयपुर क्षेत्र नम्बर -१,
१७ नेत्र पाण्डे दाङ क्षेत्र नम्बर २
१८ शालिकराम चौधरीले क्षेत्र नम्बर ३
१९ नारायनबाबु आचार्य गोर्खा क्षेत्र नम्बर १
२० परेकबहादुर रावल कैलाली निक्षेनं. ३
२१ माधव केसीले प्युठान क्षेत्र न. १
२२ कविराज गिरी, सिन्धुपाल्चोक क्षेत्र न. २

***प्रदेश सभा सदस्यका लागि उम्मेद्वारी दिएर प्रतिस्पर्धामा उत्रिएका नामहरु***

१ अनिल कुमार दास धनुषा क्षेत्र नम्बर -३ ( ख)
२ सन्जीव कुमार महतो,सिराहा क्षेत्र नम्बर ४, (ख)
३ राममोहन रिसाल काठमाडौ निर्वाचन क्षेत्र नम्बर ५- (क),
४ सुरेश बस्नेत रामेछाप क्षेत्र नम्बर १ (क)
५ ओम बाबु पुरी, रामेछाप क्षेत्र नम्बर १- (ख)
६ रोशन रिमाल दोलखा -१, (क)
७ सावित्रा खत्री दोलखा -१ (ख)
८ ङेमा लामा काभ्रेपलान्चोक ( क)
९ बहादुर थापा काभ्रेपलान्चोक - २, (ख)
१० नवराज खरेल झापा क्षेत्र नम्बर-३ (ख),
११ दुर्गा प्रसाद दहाल झापा निर्वाचन क्षेत्र नम्बर-२(क),
१३ वावुराम पौडेल, झापा निर्वाचन क्षेत्र नम्बर- २( ख)
१४) पदम प्रसाद आचार्य, खोटाङ-१(क)
१५ मदन बहादुर कटुवाल उदयपुर -१(ख)
१६ पदम खत्री कैलाली क्षेनं. ३ (क)
१७ चेतनाथ गिरी सिन्धुपाल्चोक क्षेत्र न. २ (क)

## प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनबाट को-को नेता बाहिरिए

काठमाडौं। नेपालको २०६२/६३ सालको आन्दोलन र गणतन्त्रको स्थापनामा विभिन्न भूमिकामा सक्रिय देखिएका केही राजनीतिक दलका शीर्ष नेता यसपाली भने कुनै पनि उम्मेदवारीमा देखिएनन्।

आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनमा उनीहरुमध्ये कतिपयले आफ्नो दलबाट टिकट पाएनन् भने केही स्वेच्छाले सक्रिय राजनीतिबाट बाहिरिएको हो। निर्वाचनका लागि आइतबार प्रतिनिधिसभाका एक सय ६५ र प्रदेशसभामा तीन सय ३० निर्वाचन क्षेत्रका लागि सयौँले उम्मेदवारी दिएका छन्। त्यसमा कतिपय चर्चित अनुहार देखिएनन्। नेपाली कांग्रेसबाट यस निर्वाचनमा शीर्ष नेता केबी गुरुङ, डा रामशरण महत, डा मीनेन्द्र रिजाल, सुनीलकुमार भण्डारी, मन्त्री उमा रेग्मी, मीना पाण्डे, सीतादेवी यादव, महेश आचार्य, लक्ष्मण घिमिरे, विनयध्वज चन्द, डा अमरेशकुमार सिंह, मानबहादुर विश्वकर्मा, शेषनाथ अधिकारी, हरि नेपाल, अर्जुन खड्का, हरिनाथ बास्तोलालगायत उम्मेदवारका रुपमा देखिएनन्। यसैगरी नेकपा (एमाले) नेता डा भीम रावल, उपाध्यक्ष रामबहादुर थापा बादल, अष्टलक्ष्मी शाक्य र युवराज ज्ञवाली, उपमहासचिव विष्णु रिमाल, सल्लाहकार परिषद्का अध्यक्ष अमृत बोहरा, स्थायी कमिटी सदस्य राधा ज्ञवाली, विन्दा पाण्डे, घनश्याम भुसाल (पार्टीबाट टिकट नपाएपछि स्वतन्त्र उम्मेदवार), थममाया थापा, शिवमाया तुम्वाहाम्फे, सीताकुमारी पौडेललगायत पनि कुनै पनि उम्मेदवारका रुपमा देखिएनन्।

निर्वाचनमा नेकपा (माओवादी केन्द्र) बाट सभामुख अग्निप्रसाद सापकोटा, उपाध्यक्ष कृष्णबहादुर महरा, नेताहरु हरिबोल गजुरेल, मुख्यमन्त्री त्रिलोचन भट्ट र कुलप्रसाद केसीलगायतको पनि उम्मेदवारी देखिएन। नेपाल समाजवादी पार्टीका अध्यक्ष तथा पूर्वप्रधानमन्त्री डा बाबुराम भट्टराई पनि यस निर्वाचनमा उम्मेदवार बनेनन्। निर्वाचन आयोगका अनुसार आइतबार भएको मनोनयनपत्रमा दर्ता प्रक्रियामा प्रतिनिधिसभातर्फ पुरुष दुई हजार दुई सय ६९ र महिला दुई सय ३३ गरी कूल दुई हजार पाँच सय दुई जना उम्मेदवार रहेका छन्। यस्तै प्रदेशसभातर्फ पुरुष तीन हजार एक सय ३९, महिला दुई सय ९६ र एक अन्य गरी कूल तीन हजार चार सय ३६ उम्मेदवार रहेका छन्। यस निर्वाचनका लागि मतदाता नामावलीमा एक करोड ७९ लाख ८८ हजार पाँच सय ७० मतदाता सङ्ख्या छ। यसमा पुरुष मतदाताको सङ्ख्या ९१ लाख ४० हजार आठ सय छ, महिला मतदाताको सङ्ख्या ८८ लाख ४७ हजार पाँच सय ७९ र अन्य एक सय ८५ छ। निर्वाचनका लागि देशभर १० हजार आठ सय ९२ मतदानस्थल र सोअन्तर्गत २२ हजार दुई सय २७ मतदान केन्द्र कायम गरिएको छ।

निर्वाचनका लागि आयोगले यही असोज २० गतेसम्ममा पहिलो हुने निर्वाचित हुने निर्वाचनका लागि मुख्य निर्वाचन अधिकृत ७७ र निर्वाचन अधिकृतको कार्यालय ८८ स्थानमा गरी एक सय ६५ निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिसकेको छ।

# खेलकुद

## गण्डकीमा राष्ट्रिय खेलकुदको ट्रफी, मुख्यमन्त्री पोखरेलले गरे सार्वजनिक

पोखरा। विभिन्न ६ प्रदेश र विभन्न ३ वटा विभागीय समूहको मुख्यालयमा प्रदर्शनपछि नवौं राष्ट्रिय खेलकुदको ट्रफी प्रतियोगिता आयोजनास्थल गण्डकी प्रदेश आइपुगेको छ। गण्डकीमा ट्रफीलाई मुख्यमन्त्री कृष्णचन्द्र पोखरेल नेपालीले सार्वजनिक गरेका छन्।

नवौं राष्ट्रिय खेलकुदका लागि आयोजक राष्ट्रिय खेलकुद परिषद्ले यसै संस्करणदेखि नयाँ ट्रफी ल्याएको हो। सुन र चाँदीजडित ट्रफीको मूल्य १० लाख रुपैयाँ रहेको आयोजक राखेपले जनाएको छ।सातै प्रदेशमा 'ट्रफी टुर' गराउने लक्ष्यसहित ६ वटा प्रदेशमा ट्रफी प्रदर्शन गरिएको थियो। गण्डकीमा भने प्रतियोगिता अवधिभर ट्रफी प्रदर्शनका लागि राखिनेछ। ट्रफी सार्वजनिक गर्दै मुख्यमन्त्री पोखरेलले गण्डकीले ट्रफी प्रदर्शन गर्न पाउनु गौरवको विषय रहेको सुनाए।

मुख्यमन्त्री पोखरेलले ट्रफी प्रदर्शनमात्रै नभएर गण्डकी त्यसको हकदारसमेत रहेको दाबी गरे। 'यसमा गण्डकीको पनि स्वार्थ रहेकोले ट्रफी गण्डकीमा नै राख्ने गरी उत्कृष्ट प्रदर्शन गर्न म खेलाडीहरुलाई आग्रह गर्दछु,' उनले भने, 'उहाँहरुले उत्कृष्ट प्रदर्शन गरेर गण्डकीमा राखिदिनु भयो भने यो हामी सबैका लागि सम्मान हुनेछ।' मुख्यमन्त्री पोखरेलले ट्रफी सार्वजनिक गरेसँगै पोखरा नगर परिक्रमा गरिएको थियो। पोखरा लेकसाइडस्थित तालबाराही चोकमा पोखरा महानगरका प्रमुख धनराज आचार्यले समापन गरेका थिए। ट्रफी सार्वजनिक कार्यक्रममा 'ट्रफी टुर' कार्यक्रम संयोजक एवं ओलम्पियन दीपक विष्ट, साग पदकधारी एवं कराँतेका प्रशिक्षक दीपक श्रेष्ठ, महिला भलिबलकी राष्ट्रिय टिम कप्तान अरुणा शाही र विश्व अल्ट्रा धाविका मिरा राई सहभागी थिए। गण्डकीमा हुन लागेको करिब ४ दशकपछि दोस्रो पटक राष्ट्रिय खेलकुद प्रतियोगिता भइरहेको हो। यसअघि २०४० सालमा पहिलोपटक दोस्रो राष्ट्रिय खेलकुद प्रतियोगिता भएको थियो।

औपचारिक रुपमा असोज २८ गतेदेखि प्रतियोगिता सुरु हुने भए पनि पुरुष प्रतियोगिता एक महिना अगाडि नै काठमाडौंमा भइसकेको छ। आइतबारदेखि पोखरामा महिला क्रिकेट सुरु भएको छ। सोमबारबाट ह्यान्डबल र फेन्सिङ सुरु भएको छ।

## प्रिमियर लिगमा लिभरपुल पराजित, आर्सनल शीर्ष स्थानमा उक्लियो

काठमाण्डौ। इङ्गिलस प्रिमियर लिग फुटबलमा आर्सनलले लिभरपुललाई हराएको छ। गएराति भएको खेलमा आर्सनलले लिभरपुललाई ३(२ गोल अन्तरले हराएको हो। जितसँगै आर्सनल अङ्क तालिकाको शीर्ष स्थानमा उक्लिएको छ। आर्सनलले ९ खेलमा २४ अङ्क जोडेको छ। लिभरपुल १० अङ्क जोडेर १०औं स्थानमा रहेको छ। आर्सनलका लागि बुकायो साकाले दुई तथा गाब्रियल मार्टिनेलीले एक गोल गरे। लिभरपुलका लागि डार्विन नुनेज र रोबर्टो फिर्मिन्होले एक/एक गोल गरे।

## नवौं राष्ट्रिय खेलकुद : महिला क्रिकेटमा बागमती विजयी, सोनीको ५ विकेट

पोखरा। बागमती प्रदेशले नवौं राष्ट्रिय खेलकुद अन्तर्गत महिला राष्ट्रिय क्रिकेट प्रतियोगितामा विजयी सुरुवात गरेको छ। पोखरा रंगशाला क्रिकेट मैदानमा सुरु भएको प्रतियोगिता अन्तर्गत समूह ए को दोस्रो खेलमा बागमतीले सुदूरपश्चिमलाई ८ विकेटले पराजित गरेको हो। बागमतीको जितमा सोनी पाख्रिनले उत्कृष्ट बलिङ गर्दै ५ विकेट लिइन्। सुदूरपश्चिमले दिएको ७२ रनको लक्ष्य बागमतीले १३.२ ओभर खेल्दै २ विकेट गुमाएर पूरा गरेको हो। बागमतीका लागि ओपनर कञ्चन श्रेष्ठले सर्वाधिक २५ रन बनाइन्। अस्मिता खरेलले ९ रन जोडिन्।

सुमन खतिवडाले अविजित ११ रन बनाइन्। सुदूरपश्चिमका लागि यशु पाण्डेले १ विकेट लिइन्। त्यसअघि टस हारेर पहिले ब्याटिङ गरेको सुदूरपश्चिमले १८.२ ओभरमा सबै विकेट गुमाएर ७१ रनमा अलआउट भएको थियो। सुदूरपश्चिमका लागि अनु कडायतले सर्वाधिक २२ रन बनाइन् भने ओपनर रुवी पोदारले १२ रन जोडिन्। सुदूरपश्चिमले १५ रन अतिरिक्त पाएको थियो। तीन खेलाडीले खाता खोल्न सकेनन्।

बागमतीका लागि सोनी पाख्रिनले ४ ओभरमा १३ रन खर्चेर ५ विकेट लिइन्। खुशी डंगोलले ३.२ ओभरमा ११ रन खर्चेर २ विकेट लिइन्। कृष्मा गुरुङ र अस्मिता खरेलले समान १ विकेट लिए। यसअघि उद्धाटन खेलमा मधेश प्रदेशले गण्डकी प्रदेशलाई ४० रनले पराजित गरेको थियो। प्रतियोगितामा सोमबार समूह बी का दुई खेल हुनेछ। पहिलो खेलमा नेपाल पुलिस क्लब र कर्णाली प्रदेश तथा दोस्रो खेलमा प्रदेश १ र लुम्बिनी प्रदेश खेल्नेछन्। असोज २८ गते नवौं राष्ट्रिय खेलकुदको औपचारिक उद्धाटन हुने भए पनि महिला क्रिकेट भने आजदेखि नै सुरु भएको हो।

## नवौं राष्ट्रिय खेलकुद : प्रदेश १ र लुम्बनी प्रदेशबीचको क्रिकेट रद्द

पोखरा। नवौं राष्ट्रिय खेलकुद अन्तर्गत महिला क्रिकेटतर्फ प्रदेश-१ तथा लुम्बिनी प्रदेशबीचको खेल रद्द भएको छ। पोखरा रंगशाला क्रिकेट मैदानमा सोमबार दिउँसो प्रदेश-१ तथा लुम्बिनी प्रदेशबीचको खेल हुने तय थियो। तर निरन्तरको वर्षाको कारण टस पनि नभई खेल रद्द भएको हो। खेल रद्द भएपछि समूह बी मा रहेका प्रदेश १ र लुम्बिनी प्रदेशले १/१ अंक बाँडेका छन्। सोमबारको पहिलो खेलमा भने पुलिसले कर्णाली प्रदेशलाई डिएल मेथडमा ६३ रनले पराजित गर्दै विजयी सुरुवात गरेको छ। प्रतियोगितामा मंगलबार एपीएफ र बागमती प्रदेश तथा सुदूरपश्चिम र गण्डकी प्रदेशबीच खेल हुनेछ।

## कथा......

मलाई लागेको थियो, युवती कसैलाई भेट्न आएकी हुन् । कसैको प्रतीक्षा गरिरहेकी हुन् । बिस्तारै लाग्न थाल्छ, युवती अरू कसैलाई होइन आफैंलाई भेट्न आएकी हुन् ।

अर्को बोतल बियर उनको टेबुलमा आइपुग्छ । म पुन : ल्यापटपमा घोत्लिन थाल्छु । म कहिलेकाहीं आफूलाई निर्वस्त्र पारेर ऐनासामु उभ्याउँछु । म आफूलाई देख्दिनँ । म मान्छे देख्दिनँ । म देख्छु, एउटा अस्थिपञ्जर जसमा टाँसिएको केही मांसपेशीले त्यसलाई रूप दिएको छ, स्वरूप दिएको छ । म देख्छु यस्तो काया जसको अस्तित्वले कुनै अर्थ राख्दैन। जो हुनु र नहुनुले केही फरक पार्दैन। परिरहेको छैन । म देख्छु यस्तो सम्बन्धलाई जसले सम्बोधन कहिल्यै गर्न पाएन । म देख्छु यस्तो संवेदनालाई जसले कहिल्यै महसुस गर्न पाएन । म देख्छु एउटा यस्तो दयनीय पात्रलाई जसलाई कसैले लेखेनन् अथवा लेख्न चाहेनन्। म देख्छु त्यसलाई जसलाई म मात्र देख्न सक्छु । मैले मात्र महसुस गर्न सक्छु । युवतीले एक गिलास बियर सिनित्त पार्छिन्। खाली गिलासलाई भर्न थाल्छिन् । अर्को चुरोट सल्काउँछिन् । कफीको चुस्की लिदै म उनलाई केहीबेर हेरिरहन्छु ।

उनले कसैलाई फोन गर्छिन् । फोन लाग्दैन अथवा उठ्दैन । तीन-चार पटकसम्म लगातार कोसिस गरिरहन्छिन् । नेटवर्क टिपिरहेको छैन अथवा कसैले उनको कललाई टिपिरहेको छैन, म भन्न सक्दिनँ । उनी रिसाउँछिन् या निराश हुन्छिन् म उनको अनुहारमा सल्बलाइरहेको भावलाई पढ्न सक्दिनँ ।

भर्खर भरेको गिलास पनि उनी एकै सासमा रित्याउँछिन्। बेटरलाई हातको इसाराले फेरि अर्को ल्याउन भन्छिन् ।

पुनः मेरा ल्यापटपका किबोर्डहरू बज्न थाल्छन् ।

मेरा काँपिरहेका हातहरूले कैयौंपटक गलालाई ताकेका छन्, छुरा लिएर। कैयौंपटक हावामा तुर्लुङ्ग तैरिन खोजेका छन् मेरा खुट्टाहरू। कैयौंपटक मेरो शरीरलाई झर्न मन लागेको छ उँचाइबाट र खस्न मन लागेको छ कुनै गहिराइमा । थाहा छैन मभित्रको कुन चाहिं तत्वले यिनीहरूलाई रोकिरहन्छ । सायद कोही छ, केही छ जो मेरो विरुद्ध उभिरहेको छ । मसँग लडिरहेको छ । थाहा छैन, हारिसकेकोलाई जितेर कसैले के पाउँछ ? कहिलेकाहीं त लाग्छ, मेरो नसामा रगत छैन । आँखामा आँसु छैन। मस्तिष्कमा चेतना छैन । मनमा संवेदना छैन। मात्र अलिकति हावा छ मेरो रोगी फोक्सोमा । त्यो बाहेक मसँग अरू केही छैन। म त्यति हावाले मात्रै जीवित छु । म भारी महसुस गर्छु । औंलाहरू थाक्छन् ।

म युवतीतिर फर्किन्छु ।

युवतीको आँखा रसाइरहेको हुन्छ। उनी सुक्सुकाइरहेकी हुन्छिन् । उनलाई परिकमा गरिरहेको चुरोटको धुवाँमा खोइ कुन्नि उनी केही खोज्दै हुन्छिन् ।

म उनको अवस्थालाई राम्रोसँग विवेचना गर्न सक्दिनँ। उनलाई के भइरहेको छ, म अनुमान लगाउन सक्दिनँ। कुनै अड्कल काट्न सक्दिनँ ।

मान्छे किन दुःखी हुन्छ ?

मलाई दुःख भोग्न भन्दा लेख्न मन लाग्छ । मान्छेहरूलाई पनि त दुःख झेल्नु भन्दा पढ्न मजा लाग्छ । दुःखले सबैलाई आकर्षित गर्ने गर्छ ।

म युवतीको आँसु पछ्याडिको कहानीलाई अनुमान लगाउन सक्दिनँ तर कम्तीमा कल्पना त गर्न सक्छु ।

मान्छे दुःखी कि आफूबाट हुन्छ कि आफ्नाबाट। कि अतीतलाई सम्झेर हुन्छ कि त भविष्यलाई सोचेर ।

मुस्कुराएको ओठमा सायद धेरै लेखिएको हुँदैन। तर रोएको आँखामा धेरै थोक लेखिएको हुन्छ । मलाई ओठभन्दा आँखा पढ्न मन पर्छ ।

उनलाई हेर्दा यस्तो लाग्छ, आज उनी मादकताको नसामा चुर भएर मात्न चाहन्छिन् । बिर्सिन चाहन्छिन् आफूसँग जोडिएकाहरूलाई । आफूबाट छुटिएकाहरूलाई। बिर्सिन चाहन्छिन् आफैंलाई ।

हुन चाहन्छिन् त्यो चुरोटबाट निस्किएको धुवाँ जस्तै र बग्न चाहन्छिन् हावासँगै। अन्ततः विलीन हुन चाहन्छिन् ।

थाहा छैन, किन रङ्गीन दुनियाँ देख्ने आँखाले सधैं रङ्गहीन आँसु खसाल्छ ।

उनी चुपचाप रोइरहेकी छिन् । तर उनी चिच्याइरहेकी छिन् भित्रैबाट । छटपटाइरहेकी छिन् । सायद उनलाई किनारको आवश्यक छ । काँधको जरुरत छ । कसैको साथ चाहिएको छ । अथवा उनलाई केही, कोही चाहिएको छैन। उनी डुब्न चाहन्छिन् त्यही पीडाको अतल गहिराइमा कहिल्यै नउत्रिने गरी । सायद उनी कसैलाई गुमाएर दुःखी भएकी छिन्। उनले कसैलाई पाएर खुसी नभएको पनि हुन सक्छिन् ।

युवतीको रोइरहेका आँखाले मेरा आँखालाई भेट्टाउँछन् । म आफ्नो नजर लुकाउँछु । थाकेका औंलाहरू किबोर्डमा घिस्रिन थाल्छन् ।

कहिलेकाहीं एक्कासि मुटुको धड्कन बढेर आउँछ। टाउको टनटनी दुख्न थाल्छ। हातखुट्टाहरू झमझमाउन थाल्छन्। आँखाले धमिलो देख्न थाल्छ। यस्तो लाग्छ, म सकिँदैछु। मेरो फोक्सोमा रहेको अलिकति हावा पनि फुस्किँदै गइरहेको छ ।

त्यो बेला मलाई यस्तो जिन्दगीको माया लागेर आउँछ जसलाई मैले कहिल्यै स्वीकार्न सकिनँ । अँगाल्न सकिनँ। मैले बाँच्न सकिनँ ।

म अरू मान्छेहरूलाई आफूजस्तो देख्दिनँ। सायद केही छन् उनीहरूभित्र जसले उनीहरूलाई मभन्दा केही फरक बनाइदिएका छन्। मलाई हरबखत उनीहरूले घेरिरहेको महसुस हुन्छ। घुरिरहेको भान हुन्छ ।

मलाई कतै टाढा जान मन लाग्छ, यी अनुहारहरूको भीडबाट जहाँ मलाई कसैको नजरले समेत पछ्याउन नसकोस्। टुटाएर भाग्न मन लाग्छ आफूसँग बाध्य भएर बाँधिएका दुर्बल सम्बन्धहरूलाई ।

मान्छेहरू ढोङ्गी हुन्छन् । लाग्छ, कसैको संवेदनाले पनि महसुस गर्न सक्दैनन् मेरो वेदनालाई । मलाई कसैले बुझ्न सक्दैनन् ।

कहिलेकाहीं म आफैंलाई प्रश्न गर्छु, म किन यस्तो छु ? यस्तो अवस्थामा छु ? मसँग त्यसको जवाफ हुँदैन। सायद जवाफ नभएरै म यस्तो भएको हुँ ।

भन्छन्, शरीर मर्छ तर आत्मा कहिल्यै मर्दैन। आत्मा मरिसकेको शरीर सायद मेरो जस्तै हुँदो हो ।

म अधबैंसेतिर नजर फ्याँक्छु । ऊ त्यसरी नै ल्यापटपमा घोत्लिरहेको हुन्छ। सायद केही लेखिरहेको छ ।

धर्मराउँदै आफ्नो असन्तुलित शरीरलाई युवतीले ट्वाइलेटतिर लैजान्छिन् । दुख्खलाई शरीरले होइन मनमस्तिष्कले साँचेर राखेको हुन्छ। नसाले शरीरलाई मात्रै छुन्छ । त्यो बेला शरीरले गर्ने हरेक गतिविधिलाई मस्तिष्कले जाँचिरहेको हुन्छ । मनले नियालिरहेको हुन्छ । नसा फगत बहाना हो अरू केही होइन ।

लेख्न थाल्छु ।

सायद यो एक्लोपन, यो अधुरोपन एउटा रोग हुनुपर्छ । म रोगी हुँ । मेरो नजिक आउनेहरूलाई सजिलैसँग सर्न सक्ने यो रोग । त्यसैले उनीहरू मेरो नजिक पर्दैनन्, पर्न चाहन्नन्। अथवा म आफूलाई कसैको समीप नै पार्न खोज्दिनँ। म आफैं टाढिन्छु ।

रातमा विषालु भावनाहरू लाटेकोसेरो जस्तै शिकार गर्न उड्दा रहेछन् । उनीहरूले कमजोर मनहरूलाई आफ्नो निसाना बनाउने रहेछन् । म निरीह हरेक रात शिकार हुन्छु ।

हल्का उज्यालो झ्यालको पर्दालाई चिरेर कोठाभित्र आइपुग्छ । सायद रात निदाउँदैछ, दिन ब्युँझिँदैछ ।

युवतीले अर्को बोतल पनि रित्याउँछिन् । उनी अकारण मुस्कुराइरहेकी छिन् ।

मलाई थाहा छैन दुःखले कुन चरण पार गरेपछि आँसु होइन मुस्कानलाई जन्माउँछ ।

बगैंचामा बत्ती बल्न थाल्छन् । रात आफूलाई फिंजाउँदै लिएर आउँछ ।

म सोच्छु, रातले उक्त युवतीलाई कस्तो रूप देखाउँछ होला । कस्तो व्यवहार गर्छ होला । के उनीसँग रातलाई सामना गर्ने सामर्थ्य छ ?

युवती लड्खडाउँदै क्याफेबाट निस्किन थाल्छिन् । मेरो नजरले उनलाई पछ्याइरहन्छ ।

अचानक उक्त युवती बिस्तारै हावामा विलाउन थाल्छिन् । हराउँदै जान्छिन् । अन्ततः हावा बन्छिन् ।

म अचम्मित हुन्छु । लाग्छ, युवती नितान्त मेरो मस्तिष्कले जन्माएको कहानी हो । कल्पना हो । मेरो नजर अधबैंसेमा पर्छ । उसले मलाई मुस्कुराउँदै हेरिरहेको हुन्छ । म त्यो रहस्यमयी मुस्कानलाई पढ्न सक्दिनँ ।

म बिस्तारै भाँचिदै जान्छु । टुक्रिदै जान्छु छरिँदै जान्छु । बिस्तारै अदृश्य हुँदै जान्छु । के म पनि कसैको कहानी हुँ ? कल्पना हुँ ?

अन्ततः म पनि हावा बन्छु ।

कथा सकिन्छ । म लामो सास लिन्छु । ल्यापटप बन्द गर्छु । काउन्टरमा जान्छु र फ्रेस जुसको पैसा तिरेर आफ्नो बाटो लाग्छु ।

## प्रतिनिधि......

जस्तो नेतृत्व राजनीतिक पार्टीबाट पाउन सकिरहेका छैनन् । त्यसैको असरले गर्दा धेरै स्वतन्त्र उम्मेद्वारहरुले उम्मेद्वारी दिएको राजनीतिक वृतमा कुराहरु सुनिन थालेको छ । भने अर्कोतर्फ युवापुस्ताहरुले नै देशको नेतृत्व लिनुपर्ने र युवाहरुले नै देशको भविष्य बनाउने भएको हुदा युवापुस्ताहरुलाई नै जनताले रुचाउदै गएको देखिन्छ ।

***नेकपा (माले)को रामेछापमा उत्साहजनक उपस्थिति***

रामेछाप । रामेछापबाट प्रतिनिधि सभाको लागी मोहन कार्कीले उम्मेदवारी दर्ता गराएका छन् । त्यसैगरी प्रदेश (क) मा सुरेश बस्नेत (ख) मा ओमबाबु पुरी रहेका छन् । माले पार्टीले दिएको जानकारी अनुसार प्रभावशाली र युवा नेतृत्वलाई रामेछाप उम्मेद्वारी बनाएको उल्लेख छ ।

***दोलखमा खिम शिवाकोटी***

दोलखा जिल्लामा मालेबाट उम्मेद्वारी दिएका खिमराज शिवाकोटी क्षेत्र न. १ सावित्री खत्री प्रदेशसभा क, रोशन रिमाल प्रदेशसभा ख रहेका छन् ।

रामेछाप, दोलखा दुवै जिल्लामा नेकपा माले पार्टीले प्रखर युवाहरुलाई उम्मेद्वार पठाएको छ ।

## दलहरु....

क्षेत्रमा स्वतन्त्र उम्मेदवारी दिएका हुन् । काठमाडौंमा क्षेत्र नं ३ मा कांग्रेसका पूर्व नगर सभापति श्रीकृष्ण ज्योतिले स्वतन्त्र उम्मेदवारी दिनुभएको छ । कांग्रेसबाट असन्तुष्ट कामपा(६ का पूर्व वडाध्यक्ष दीपेन्द्र लामाले प्रदेश (क) का लागि स्वतन्त्र उम्मेदवारी दिनुभएको छ । प्रदेश (ख) मा महिला सङ्घ काठमाडौंका अध्यक्ष विष्णुदेवी पुडासैनीले स्वतन्त्र उम्मेदवारी दिनुभयो ।

लेखक युग पाठकले झापा क्षेत्र नं ५ बाट स्वतन्त्र उम्मेदवारी दिनुभएको छ । यो क्षेत्रमा नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले उम्मेदवारी दर्ता गराउनुभएको छ । त्यस्तै प्रधानमन्त्री शेरबहादुर देउवाले उम्मेदवारी दर्ता गराउनुभएको डडेलधुरामा सागर ढकालले स्वतन्त्र उम्मेदवारी दिनुभएको छ ।

## गोरखामा....

गोरखा(१ (ख) बाट १० जनाले उम्मेदवारी दिएका छन् । नेपाली कांग्रेसका नन्दप्रसाद न्यौपाने, नेकपा एमालेका मोहन भट्टराई, एकीकृत समाजवादीका टेकराज भट्ट, नेस्नलिष्ट पिपल्स पार्टीका रामचन्द्र कुमाल, मंगोल नेशनल अर्गनाइजेशनका रामबहादुर लामा, राप्रपा नेपालका सरिता देवकोटा, राप्रपाका सोमनाथ अधिकारीले उम्मेदवारी दर्ता गराएका हुन् ।

त्यस्तै आरुघाट गाउँपालिका(७ का डाकबहादुर पराजुली, आरुघाट(८ राजकुमार ढकाल र आरुघाट(४ का पूर्णबहादुर दाहालले स्वतन्त्र उम्मेदवारी दर्ता गरेका हुन् । आरुघाट गाउँपालिकाका निवर्तमान अध्यक्ष दाहाल नेपाली कांग्रेसका महाधिवेशन प्रतिनिधि हुन् ।

गोरखा २ बाट प्रतिनिधिसभामा १३ जनाको उम्मेदवारी परेको छ । नेकपा माओवादी केन्द्रबाट पार्टी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड ले उम्मेदवारी दिएका छन् । नेकपा एमालेबाट अब्दुस सलाम मिया, राष्ट्रिय स्वतन्त्र पार्टीबाट कविन्द्र बुर्लाकोटी, राप्रपाबाट सुशील पन्त, राप्रपा नेपालबाट कुलबहादुर बस्नेत, नेपाली कांग्रेस (बी.पी.) बाट टीकादत्त पोखरेल, नेपाल मजदुर किसान पार्टीबाट प्रल्हाद लामिछानेको उम्मेदवारी परेको छ ।

त्यस्तै हाम्रो नेपाल पार्टीबाट प्रकाश थापा र मंगोल नेशनल अर्गनाइजेसनबाट सोमबहादुर गुरुङले पनि उम्मेदवारी दिएका छन् । यसै क्षेत्रबाट बारपाक सुलीकोट गाउँपालिका(८ का विनोदकुमार गुरुङ, पालुङटार नगरपालिका(४ का गणेश देवकोटा, काठमाडौं महानगरपालिका(३२ कि डा. माधवी पराजुली (भट्ट) ले स्वतन्त्र उम्मेदवारी दिएका छन् ।

गोरखा(२ (क) बाट प्रदेशसभामा नेपाल समाजवादी पार्टीका फणिन्द्र देवकोटा, नेकपा एमालेका राजु राना, नेकपा एकीकृत समाजवादीबाट जुद्धविलास भण्डारी, नेमकिपाका बेलबहादुर बस्नेत, राप्रपाका राजेन्द्र शाह, मंगोलनेशनल अर्गनाइजेशनका बिपिका बराम गुरुङ, राप्रपा नेपालका सुबोध बस्न्यात, हाम्रो नेपाल पार्टीका सरोज गिरीले उम्मेदवारी दिएका छन् । त्यस्तै गण्डकी प्रदेशका उर्जामन्त्री समेत रहेका हरिशरण आचार्यले र पालुङटार(७ का बिलबहादुर तामाङले स्वतन्त्र उम्मेदवारी दिएका छन् ।

गोरखा २ (ख) बाट प्रदेशसभामा ६ जनाको उम्मेदवारी परेको छ । नेपाली कांग्रेसबाट सुरेन्द्रराज पाण्डे, नेकपा एमालेबाट बसन्तकुमार गुरुङ, राप्रपाबाट ठाकुरप्रसाद लामिछाने, राप्रपा नेपालबाट सफिदिन मियाँ र मंगोल नेशनल अर्गनाइजेसनबाट रामबहादुर घलेको उम्मेदवारी परेको छ । अजिरकोट गाउँपालिका(५ का हरि पोखरेलले स्वतन्त्र उम्मेदवारी दिएका छन् ।

## मंसिर.....

गर्नुपऱ्यो भने त्यसका लागि त्यस्तै चरित्र बोकेको अर्को मान्छे खोजेर सार्वजनिक रूपमा उसलाई गाली गर्छ ।

नेपालका सबैजसो कम्युनिस्टको अचेतनलाई सायद थाहा छ, उनीहरू कम्युनिस्ट हैनन् । युवावस्थामा आफ्नो सामाजिक 'व्यक्तित्व' बन्ने बेला धारण गरेको त्यो परिचय त्याग्न सजिलो हुँदैन । त्यसपछि आफू यथार्थमा कम्युनिस्ट नरहिसकेपछि पनि जब आफूलाई सामाजिक रूपमा कम्युनिस्ट नै भनाइन्छ, तिनीहरूका सबै 'मानवजन्य' स्वभाव र सोचाइजति अचेतनमा थुप्रिँदै जान्छन् । र, ती सोचाइका छायाहरू छद्म रूपमा विभिन्न बहानामा बाहिर आउँछन्। कम्युनिस्टहरू जतिजति आफ्नो मौलिक आदर्शबाट च्युत हुँदै जान्छन्, त्यतित्यति उनीहरूमा 'कम्युनिस्ट' लेबलप्रति आशक्ति बढ्छ ! कार्ल युङकै उदाहरण छ( यदि कुनै रात चर्चको पादरी वा मन्दिरको पुजारीले लुकेर पोर्नोग्राफी हेरेको छ भने भोलिपल्ट दिने उसको प्रवचनमा सदाचारको प्रसंग अघिल्लो दिनको भन्दा चर्को हुन्छ । हाम्रो अचेतनले काम गर्ने नै यस्तै छायाहरू सिर्जना गरेर हो ।

नेपाली कांग्रेसतिरका छायाहरूलाई संश्लेषण गरेर भन्न त झन् एक(दुई वाक्यमै सकिन्छ । शेरबहादुर देउवा जस्ता छायाको पनि छायाको मुनि ओत लागेर आफ्नो राजनीति गर्नुपर्नेहरू आफ्नै छायासँग कतिन्जेल भाग्ने होलान ? तर भागेर जाने ठाउँ पनि कहीं नरहेपछि उनीहरूका लागि रहने एक मात्र ठाउँ त्यही पार्टी र चुनावी राजनीति भएको छ । यस्ता सबैलाई मैदान खाली छाडिदिइराख्नु नेपाली समाजको अन्तहीन दुःखान्त भएको छ । र, दुःखका साथ स्विकार्नुपर्छ, मंसिरको निर्वाचनले फेर्ने भनेको केवल संघ( प्रदेशका संसदको कार्यकाल हो, नेपाली राजनीतिको कुरूप नेतृत्वदायी अनुहार होइन । कान्तिपुर

## अन्तराष्ट्रिय समाचार

# युक्रेनको राजधानी किभमा ठूला- ठूला विस्फोट

युक्रेनको राजधानी किभमा आज सोमबार बिहानै भएका धेरै वटा विस्फोटनमा कैयौं मानिसको ज्यान गएको छ । धेरै महिनापछि किभमा भएका ठूला विस्फोटमा अरू थुप्रै जना घाइते भएका बीबीसीले जनाएको छ ।

किभसहित अरू थुप्रै सहरहरूबाट पनि लगातार विस्फोटमा आवाज आइरहेको अन्तराष्ट्रिय सञ्चारमाध्यमले जनाएका छन् । रुसको अधीनमा रहेको क्राइमियासँग जोडिने एकमात्र पुलमा विस्फोटन भएर क्षति भएपछि किभमा ठूलो आकारमा विस्फोट भएको हो ।

किभमा अहिले पनि हवाई हमलाको पूर्वजानकारी दिने साइरनहरू बजिरहेका बीबीसीले जनाएको छ । उद्धारको काम भइरहेको र क्षतिको विवरण आइनसकेको युक्रेनी अधिकारीहरूले बताएका छन् ।

## उत्तर प्रदेशका पूर्व मुख्यमन्त्री मुलायम सिंह यादवको निधन

भारतको समाजवादी पार्टीका संस्थापक एवम् उत्तर प्रदेशका पूर्व मुख्यमन्त्री मुलायम सिंह यादवको निधन भएको छ । केही दिनदेखि बिरामी रहेका यादवको आज ८२ वर्षको उमेरमा गुरुग्राममा रहेको मेदान्त अस्पतालमा निधन भएको भारतीय सञ्चारमाध्यमले जनाएका छन् । पिसाबको संक्रमणसँगै रक्तचाप र श्वासप्रश्वासमा समस्या भएपछि उहाँलाई एक हप्ता अघि अस्पताल लगिएको थियो । यादव सन् १९८९ मा पहिलो पटक उत्तर प्रदेशको मुख्यमन्त्री बन्नु भएको थियो । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले उहाँको निधनप्रति दुःख व्यक्त गर्दै यादव लोकतन्त्रका लागि एक प्रमुख सैनिक भएका उल्लेख गर्नु भएको छ ।

## विस्फोटपछि बन्द रहेको रुस र क्राइमिया जोड्ने केर्च पुल आंशिक रुपमा सञ्चालन

ठूलो विस्फोटपछि बन्द रहेको रुस र क्राइमिया जोड्ने युरोपकै सबैभन्दा लामो केर्च पुल आंशिक रुपमा सञ्चालनमा आएको छ । हिजो दिउँसो भएको कार बम विस्फोटपछि सडक तथा रेलमार्गसमेत रहेको केर्च पुलमा क्षति पुगेको थियो भने केही रेलमा आगलागी भएको थियो ।

क्राइमियालाई रुससँग जोड्ने एकमात्र पुल भत्किएपछि रुसले कब्जा गरेका युक्रेनका खेर्सन लगायतका क्षेत्रमा आपूर्ति नै ठप्प हुने पश्चिमा देशले अनुमान गरेका थिए । तर गएरातिदेखि नै पुलमा साना गाडी सञ्चालन भएको र ट्राफिक लाइट बलेको भिडिओ रुसी विदेश मन्त्रालयले सार्वजनिक गरेको छ । पुल र रेलमार्गलाई चाँडै मर्मत गरेर पूर्ण क्षमतामा सञ्चालनमा ल्याइने रुसले जनाएको छ । पुलमा कस्ले विस्फोट गरायो भन्ने अनुसन्धान भइरहेको छ । तर युक्रेनी राष्ट्रपति भोलोदोमिर जेलेन्स्कीका सल्लाहकारले भने आफ्नो देशले आक्रमण गरेको सङ्केत गर्दै अब रुसले लुटेका सबै वस्तु नष्ट गरिने र गुमेका क्षेत्र फिर्ता गरिने उल्लेख गर्नुभएको बीबीसीले जनाएको छ ।

रुसले सन् २०१४ मा युक्रेनको क्राइमियालाई आफ्नो देशमा गाभेपछि क्राइमिया जोड्न र विजयको प्रतिकको रुपमा समुद्रमाथि युरोपकै लामो पुल बनाएको थियो । पुल सन् २०१८ देखि सञ्चालनमा रहेको थियो ।

## उत्तर कोरियाद्वारा थप क्षेप्यास्त्र परीक्षण

आणविक शक्तिसम्पन्न अमेरिकी विमानवाहक पोतले कोरियाली प्रायद्वीपमा संयुक्त अभ्यास सम्पन्न गरेको केही घण्टापछि उत्तर कोरियाले आइतबार बिहानै दुई ब्यालेस्टिक क्षेप्यास्त्र समुद्रमा प्रक्षेपण गरेको दक्षिण कोरियाली सेनाले जनाएको छ । सियोल, टोकियो र वासिङटनले हालैका हप्ताहरूमा संयुक्त नौसैनिक अभ्यासहरू बढाएपछि प्योङयाङ रिसाएको थियो । उत्तर कोरियाले अभ्यासलाई आक्रमणको पूर्वाभ्यासको रूपमा हेर्छ र क्षेप्यास्त्र प्रक्षेपणलाई आवश्यक 'प्रतिकार' को रूपमा सही विकल्प मान्छ । लामो समयदेखि वार्ता ठप्प भएपछि प्योङयाङले गत साता जापानमाथि मध्यम दूरीको ब्यालेस्टिक क्षेप्यास्त्र प्रहार गर्दै प्रतिबन्धित हतियार कार्यक्रमलाई दोब्बर बनाएको छ भने अधिकारी र विश्लेषकहरूले अर्को आणविक परीक्षणको तयारी पूरा भएको चेतावनी दिएका छन् । दक्षिण कोरियाली सेनाले आइतबार भनेको छ, ग्रीनवीच समयअनुसार १६:४८(१६:५८ को १० मिनेटको अन्तरालमा काङवोन प्रान्तको मुनचोन क्षेत्रबाट पूर्वी सागरतर्फ प्रहार गरिएका दुईवटा छोटो दूरीका ब्यालेस्टिक क्षेप्यास्त्र फेला परेका छन् । सियोलका 'ज्वाइन्ट चिफ्स अफ स्टाफ'ले एक विज्ञप्ति जारी गर्दै क्षेप्यास्त्र '९० किलोमिटरको उचाइमा करिब ३५० किलोमिटर (२१७ माइल) उडेको' बताएका छन् । टोकियोले पनि क्षेप्यास्त्र प्रक्षेपणको पुष्टि गरेको छ भने तटरक्षक बलले ती क्षेप्यास्त्र जापानको विशेष आर्थिक क्षेत्रभन्दा बाहिर खसेको बताएको छ । जापानका वरिष्ठ उप(रक्षामन्त्री तोशिरो इनोले टोकियोले ती क्षेप्यास्त्रको विश्लेषण गरिरहेको बताउँदै तीमध्ये कुनै एक पनडुब्बीबाट प्रक्षेपण हुने ब्यालेस्टिक क्षेप्यास्त्र (एसएलबीएम) हुनसक्ने सम्भावना रहेको बताए । सियोलले गत महिना उत्तर कोरियाले एसएलबीएम प्रहार गर्ने तयारी गरिरहेको सङ्केत फेला परेको बताएको थियो । अमेरिकी सेनाको इन्डो(प्यासिफिक कमान्डले एक विज्ञप्ति जारी गर्दै आफ्ना सहयोगी र साझेदारसँग नजिकबाट परामर्श गरिरहेको र यो प्रक्षेपणले उत्तर कोरियाको क्षेप्यास्त्र कार्यक्रमको 'अस्थिर' प्रकृतिलाई उजागर गरेको जनाएको छ ।

## भेनेजुएलामा पहिरोमा परेर २२ जनाको ज्यान गयो, ५२ जना बेपत्ता

भेनेजुएलामा ठूलो वर्षापछि आएको पहिरोमा परेर २२ जनाको ज्यान गएको छ । ५२ जना बेपत्ता भएका छन् । भेनेजुएलाका उपराष्ट्रपति डेल्सी रोड्रिगेजले पहिरो प्रभावित क्षेत्रमा उद्धार र राहत वितरणको काम भइरहेको बताएका बीबीसीले जनाएको छ । भेनेजुएलाको लस तेजरियास सहरमा पहिरो गएको हो । पहिरो प्रभावितको खोज तथा उद्धारका लागि एक हजार जना उद्धारकर्मी खटिएका छन् । राष्ट्रपति निकोलस मडुरोले स्थिति कठिन र पीडादायी भएको बताउनु भएको छ ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
www.janaakash.com.np



# पहिलो वार्षिकोत्सव धुमधामका साथ मनाउदै (टेन एक्स)

काठमाडौं। पर्यटकहरुको भिड लाग्ने ठमेलमा (टेन एक्स) क्लवले आफ्नो पहिलो वार्षिकोत्सव यहि असोज ३० र ३१ गते चर्चित कलाकारहरुको उपस्थितमा धुमधामका साथ मनाउने भएको छ।




दुई दिनसम्म चल्ने वार्षिकोत्सवमा नेपालका चर्चित गायक अनिल सिंह, एकदेव लिम्बू, कालीप्रसाद बास्कोटा, डीजे ओलारसको उपस्थितिमा सुशील नेपालले होस्ट गर्नेछन्।

(टेन एक्स) ले गत वर्षदेखि स्टेट अफ द आर्ट क्लबिङको अनुभव प्रस्तुत गर्दै आएको छ। सुरुमा चार जनासँग मिलेर लगानी सुरु गरेको क्लवमा अहिले ७५ जना भन्दा बढी कर्मचारीहरुले रोजगारी पाईरहेका छन्।

(टेन एक्स) क्लव नेपालको शीर्ष क्लवहरू मध्येको एकमा पर्दछ। क्लवको वार्षिकोत्सवमा गायक अनिल सिंह र एकदेव लिम्बुसँगै कालीप्रसाद बास्कोटा र डीजे ओलारसले मुख्य आकर्षणको रुपमा प्रस्तुति दिने क्लवले जनाएको छ।

चर्चित पप गायक अनिल सिंहको इन्जिन गडीमा, प्रेम पत्र, आई लभ यू, दुब्ना देउ जस्ता गीतहरु युवा माझ लोकप्रिय छन्। उनी युवापुस्ता माझ लोकप्रिय गायकको रुपमा परिचित छन्।

एकदेव लिम्बु एक उदीयमान नेपाली कलाकार हुन्। उनले 'हिडाइछु मा' गीतबाट डेब्यु गरेकी उनको लोकप्रिय ब्याण्ड बी-८ र नयाँ गायिका प्रार्थना गौतमसँगको नयाँ गीत 'मा गाउँछु' गीत चर्चित छ। उनी युवापुस्ता माझ लोक छन्।

कालीप्रसाद बास्कोटाका धेरै लोकप्रिय गीतहरू छन्। उनको चर्चित गीतहरूमा नीरा, जल्मा, ठमेल बजार, लैजा रे लगायतका गीत चर्चित छन्।

डीजे ओलारस जो युक्रेनकी स्याक्सोफोनिस्ट हुन्। उनी विश्वका शीर्ष ५० महिला डीजेमा पर्छिन। अहिले पनि उनी विश्वका शीर्ष १०० महिला डीजेहरूमा पर्छिन्। उनले मिक्सिङ क्लब ट्र्याकहरू, स्याक्सोफोन बजाएर लाइभ संगीतलाई प्रगाढ पार्छिन्।

क्लवले वार्षिकोत्सवको अवसरमा नेपालका चर्चित कलाकारहरू र कलाकारहरूसँग सहकार्य गर्दै ग्राहकहरूलाई २ दिनको लागि २०५ छुट दिने भएको छ। वार्षिकोत्सव कार्यक्रममा ब्यान्डका कलाकारहरूसँगै अन्य सेलिब्रेटीहरूको पनि उपस्थित हुने क्लवले जनाएको छ।

## उफ ! परदेशी हुनुको नमज्जा' (दशैं कविता)

दशै,
त्यो बेला लिडेपिङ
भएर मच्चिन्थ्यो
यथार्थमा,
अनि रोटेपिङ भएर
घुम्दथ्यो खुशीको भिंडमा
आज दशैं,
एकान्तको सम्झना भएर
मानसपटलमा चस्कि रहेछ
घरिघरि अनि'',
एकादेशको कथा बन्दै
झस्किरहेछ सम्झना बनी।
हो',
समयको अन्तरालसँगै
दशै अब केवल सपना
बनेको छ,
हर प्रवासीहरुको निम्ती
अनि ''''.,
तीतो कल्पना बनेको छ
आफ्नो माटो छाड्नेहरुको निम्ति।
बस',
कल्पना र सपनाको त्यान्द्रोले
फाटेको मन सिउँदै
आँखा वरिपरी जमराहरु
झुल्छन्,
छातीभरी रुग्ण सुस्केराहरु समेट्दै
कता कता सुन्यतामा
आफ्ना घर,आँगनका दृश्यहरु
झल्मलाउँछन्।
उफ!!!!
परदेशी हुनुको नमज्जा
अनि महशुस हुन्छ
जब आफन्तजनको आशिषबाट
बहिष्कृत भईन्छ,
हो,साँच्चै',
दशै यो बेला मनको अशान्त
हल्ला बनेर बिझाइे रहेछ
अनि,सत्य ',
दशै यो समय दिक्दारीको
रुखो मरुभूमिरुपी बालुवा बनेर
पाइला पाइलामा बिझाइे
रहेछ,
बिझाइे रहेछ।

# कथा : पल्लो टेबुलकी केटी

रितेश गुरुङ

एउटा क्याफे। ठिक्कको क्याफे। सायद औसत भन्न मिल्छ। तर मलाई औसत शब्द त्यति मन पर्दैन। औसत शब्द आफैंमा कस्तो औसत सुनिन्छ। यसरी औसत भन्दा केहीलाई, कोहीलाई ज्यादै नै तौलिएको, नापेको जस्तो सुनिन्छ। त्यसरी अरूलाई मूल्याङ्कन गर्ने आफ्नै सोचाइ, हेराइ नै कस्तो औसत लाग्छ। एउटा क्याफे, सानो चिटिक्कको बगैंचा भएको। बगैंचाभरि आउटडोर प्लान्टका साथै केही सिजनल फूलहरू फुलिरहेका। बगैंचातिर फर्किएको ओपन बार। बारमा विभिन्न प्रकारका विदेशी स्वदेशी अल्कोहोलिक, ननअल्कोहोलिक पेयपदार्थहरू सजिएका। फिल्टर-कफीको बास्ना आइरहेको बारसँग जोडिएको कफी काउन्टर। बगैंचाको बीच-बीचमा छरिएका मार्बलका पाँच टेबल। टेबललाई घेरिरहेका कुर्सीहरू। भित्र हलमा चारजोडी टी-टेबल सहितका सोफासेट। अर्को हलमा सेटअप सजिएको आठवटा टेबल।

कोही एक्लै, कोही जोडी, कोही साथीहरू, कोही परिवारसँग खाइरहेका। रमाइरहेका। हल्ला, हाँसोहरू गुन्जिरहेका। पृष्ठभूमिमा बजिरहेको गीतसँगै हुक्का र चुरोटबाट फुस्किएका धुँवाहरू नाचिरहेका। म बगैंचामा फर्किन्छु। एउटा टेबल ओगटेर बस्छु। भिरेको झोला फुकाल्छु। झोलाबाट ल्यापटप निकाल्छु र टेबलमा राख्छु। चुरोटको बट्टा र लाइटर पनि राख्छु। मोबाइल साइलेन्ट मोड बनाएर राख्छु। लगाइरहेको चश्मा फुकाल्छु। हेडफोन झिक्छु। शरीर तन्काउँछु। आफूलाई हलुका महसुस गर्छु। पुनस् आफ्नो नजर चारैतिर ओछ्याउँछु। एउटा टेबलमा एक अधबैंसेलाई देख्छु ल्यापटपमा घोत्लिरहेको। उसको सम्मुख देख्छु फ्रेसजुसले भरिएको गिलास। बगैंचामा भएका अरू टेबलहरू ग्राहकहरूलाई कुरेर बसिरहेका हुन्छन्।

म नजर मोड्छु आफ्नै टेबलतिर।

वेटर आउँछ मेनु लिएर अर्डर लिन। म मेनु नै नहेरी माग्छु, डबलसट अमेरिकानो। ऊ मेरो अर्डर च्यापेर फरक्क फर्किन्छ। टेबलबाट चश्मा उठाउँछु र लगाउँछु। ल्यापटप अन गर्छु। हेडफोनलाई ब्लुटुथ कनेक्ट गर्छु र कुनै डिप म्युजिक लगाउँछु। चुरोट निकाल्छु र सल्काउँछु। गुगल डक्स् खोल्छु। खाली पन्ना मेरो ऐना झैं बन्छ। अब के लेखौं ? औंलाहरू किबोर्डलाई ताकेर बसिरहन्छन्। एक गुच्छा धुवाँ आकाशतिर हुत्याउँछु।

दुईदिनमा एउटा कथा लेखेर कसैलाई बुझाउनु छ। मस्तिष्कमा दुई तीनवटा प्लटहरू नभएका होइनन्। तर प्लटहरू कथा होइनन्।

मैले कसैलाई कुनै बेला भनेको थिएँ, प्लट भनेको बीउ हो। बीउ कहाँ रोप्ने, कस्तो माटोमा रोप्ने, कस्तो हावापानीमा रोप्ने त्यो क्यानभास हो। बीउ रोपेपछि पानी, सूर्यको किरण, मल, औषधि भनेको तिम्रो लेखाइ, भाषा, शैली, उत्कथन हो। जब बीउ उम्रिंदै काण्ड देखिन्छ, त्यो मूल कथा हो। हाँगाहरू, उपकथा हुन्। पातहरू पात्रहरू हुन्। रूख तब बलियो हुन्छ जब जराले माटोलाई मज्जाले समातेको हुन्छ। जरा तिम्रो कथाको मर्म हो। तिमीले भन्न खोजेको सार हो। मैले कति सजिलै भनिदिएको थिएँ। लाग्थ्यो, कथा, उपन्यास लेख्न त्यति गाह्रो नै छैन।

म विस्तारै बुझ्दैछु, लेख्नका लागि प्लट मात्रै भएर नहुने रहेछ। कुनै महान लेखकको लेखन नियमलाई पछ्याउँदैमा मात्रै नहुने रहेछ। शब्दहरूको जालो मात्रै बुनेर नहुने रहेछ। लेख्नका लागि अध्ययन जरूरी छ। अनुसन्धान, अनुशासन, अनुभव, अभ्यास, आत्मविश्वास आवश्यक छ। लेखकसँग कल्पनाशक्ति हुनुपर्छ। धैर्य हुनुपर्छ। आफू बाहिरको परिस्थिति र आफूभित्रको मनस्थिति उपयुक्त हुनुपर्छ।

कथा कनेक्टिङ्ग हुनुपर्छ। कन्भिन्सिङ हुनुपर्छ। केयरका साथ लेखिनुपर्छ। कन्ट्रोलका साथ लेखिनुपर्छ। कन्भिक्सनका साथ लेखिनुपर्छ। लेख्नका लागि धेरै थोक चाहिने रहेछ।

तर कहिलेकाहीं सबै भएर पनि लेख्न नसकिने रहेछ। लेख्नका लागि केही अधुरोपन पनि चाहिने रहेछ। अंहकार चाहिने रहेछ। असन्तुष्टि चाहिने रहेछ। अनिद्रा चाहिने रहेछ। अभाव चाहिने रहेछ। काँचको कपमा अमेरिकानो आइपुग्छ। कफीको चुस्की र चुरोटको धुवाँ निल्दै मस्तिष्कमा रहेका कथाका प्लटहरूलाई चलाइरहन्छु। नचाइरहन्छु।

औंलाहरू किबोर्डमा विस्तारै चल्मलाउन थाल्छन्। अक्षर, शब्द, वाक्यहरू विस्तारै छापिन थाल्छन्।

सूर्य अस्ताइसकेको छ। चन्द्रमा उदाउँदैछ। केही अस्ताएपछि केही उदाउनुपर्ने रहेछ। चिसो हावाले विस्तारै गाढा रातलाई बढार्दै लिएर आउँछ।

रातको बात म बुझ्न सक्दिनँ। मलाई रातको साथ अनौठो लाग्छ। रात सबैका लागि एउटै रूप, स्वरूप लिएर कहिल्यै नआउने रहेछ।

केही रात भएको छ, रातले मेरो लागि निद्रा लिएर आउन छाडेको छ। सपना बोकेर आउन छाडेको छ। रातले राहत लिएर आउन बिर्सेको छ। आराम ल्याउन बिर्सेको छ। हिजोआज रातले अनिद्रा बोकेर आउने गर्छ। बेचैनी बोकेर आउने गर्छ। बिझ्ने याद, सम्झनाहरू ल्याउने गर्छ। ऐंठन लिएर आउँछ। रातले आहत लिएर आउन थालेको छ। मलाई अन्धकारदेखि होइन रातदेखि डर लाग्न थालेको छ।

म चाहन्छु मेरो लागि कहिल्यै रात नहोस्। नआओस्। रातले मलाई एक्लो बनाउँछ। उदास बनाउँछ। दुखी बनाउँछ। रातले मलाई अवगत गराउँछ। बोध गराउँछ, मेरो यथार्थको। मेरो अस्तित्वको। मेरो आत्माको। मेरो अभावको। रातले मलाई मेरो धरातल देखाउँछ। मलाई निचोर्छ।

हुन सक्छ, रातले मेरो वास्तविक अनुहारलाई प्रतिबिम्बित गरिरहेको हो। सायद म यस्तै छु।

रात कहिल्यै दिन जस्तो झूटो हुन सक्दैन। रात स्पष्ट हुन्छ। प्रष्ट हुन्छ। दिनको जस्तो रातसँग कुनै छायाँ हुँदैन। रात आफैंमा एउटा विराट छायाँ हो। दिन मायावी हुन्छ तर रात मेरो लागि मायालु किन हुन सक्दैन ? मलाई रात कहिल्यै शान्त लाग्दैन। रात मलाई सन्नाटाले भरिएको चर्को कोलाहल लाग्छ जसले मेरो कानको पर्दालाई होइन हृदयलाई ठुङ्ने गर्छ। म कानलाई थुन्न सक्छु हृदयलाई सक्दिनँ। म रातमा सुन्न सक्छ, विभिन्न आवाजमा आइरहेका रुवाइ, चीत्कार, रोदन, आहटहरू। मलाई तिनीहरूले घायल बनाउँछन्। बेलाबेला सोच्छु, सायद म मात्रै एक्लो छैन। अधुरो छैन। म जस्तै अरू पनि छन्। मैले सन्नाटामा सुन्ने आवाजहरू अरू कसैका होइनन् म जस्तै उदासीहरूका हुन्। दुःखीहरूका हुन्।

एउटा युवती बगैंचाको अर्को टेबलमा आएर बस्छिन्। किबोर्डमा मेरा औंलाहरू चल्मलाउन छाड्छन्।

उक्त युवतीले मेरो ध्यान खिच्छिन्।

उनले वेटरलाई बोलाएर बियर मगाउँछिन्। आफूसँग लिएर आएको चुरोट सल्काउँछिन्। हामी दुवैको मुखबाट फुस्किएको धुवाँको गुच्छा एउटै हावामा मिल्न जान्छ। म अधबैंसेतिर फर्किन्छु। ऊ त्यसरी नै ल्यापटपमा घोत्लिरहेको हुन्छ। म अनुमान लगाउँछु, सायद ऊ केही पढ्दै छ अथवा केही हेर्दैछ। ग्राहकहरू आउने जाने गरिरहन्छन्। म नजरलाई पुनः टेबलमा फर्काएर लिएर आउँछु।

लेख्न थाल्छु।

मलाई दिन बिताउन सजिलो लाग्छ। म कहिल्यै नहिंडेको गल्लीमा हिंडिरहेको कल्पना गर्दै दिन बिताइदिन सक्छु। आकाशमा नाचिरहेका बादलहरूलाई हेरेरै दिन बिताइदिन सक्छु। हावामा हल्लिरहेका पातहरूलाई सुनेरै दिन बिताइदिन सक्छु। पढिसकेका शब्दहरू पुनः पढेरै म दिन बिताइदिन सक्छु। शान्त तलाउमा जमेर बसेको पानीलाई कहानी सुनाउँदै दिन बिताइदिन सक्छु। कहिल्यै ठेगानामा नपुग्ने पत्रहरू लेखेरै म दिन बिताइदिन सक्छु। म कसैलाई पनि नसम्झेरै पूरै दिन बिताइदिन सक्छु। तर मलाई रात कटाउन सकस पर्छ। म रात रोएर मात्र कटाउन सक्छु। मेरा आँखाहरू रुँदैनन् मन रुन्छ। मैले अधिकांश रात त्यसरी नै कटाएको छु। सायद दुखाइ भएको भए आँखा रुन्थ्यो। दुःख छ त्यसैले मन रुन्छ। युवतीले बियर रित्याउँछिन्। पुन : अर्को बोतल मगाउँछिन्। म ठुटो चुरोटलाई एस्ट्रेमा किचिमिची पार्छु।

बाँकी ६ पृष्ठमा

# नेक्सनलाई उछिन्दै ब्रेजा बन्यो सेगमेन्टमा नम्बर १ कार, पन्चको पनि बम्पर बिक्री

सेप्टेम्बर २०२२ को कम्प्याक्ट एसयूभी सेगमेन्टको बिक्री तथ्याङ्क अनुसार भारतमा मारुती सुजुकी ब्रेजा नम्बर १ कम्प्याक्ट एसयूभी भएको छ। सो एसयूभी अगस्टमा पनि पहिलो नम्बरमा थियो। ब्रेजाले यसपटक पनि लोकप्रिय टाटा नेक्सनलाई उछिनेको छ।




सेप्टेम्बर २०२२ मा मारुती ब्रेजाका १५ हजार ४४५ युनिट बिक्री भएका थिए। सेप्टेम्बर २०२१ मा यस कारको १ हजार ८७४ युनिट मात्र बिक्री भएको थियो। यो वर्ष ब्रेजाको सेलमा ७२४ प्रतिशतले वृद्धि भएको छ। सेप्टेम्बरमा नेक्सनको १४ हजार ५१८ युनिट बिक्री भएका थिए।

टाटा पन्च माइक्रो एसयूभीले घरेलु बजारमा १२ हजार २५१ युनिट बिक्री गरी तेस्रो स्थान हासिल गरेको छ। नेक्सन र पन्च दुवैले गत महिना २६ हजार भन्दा बढी युनिट बिक्री गरेका थिए। यो एसयूभी अल्फा प्लेटफर्ममा आधारित छ। हुन्डाईको भेन्यु ११ हजार ३३ युनिटका साथ चौथो स्थानमा रह्यो।

पछिल्लो वर्षको तुलनामा भेन्युको बिक्री ३९.२ प्रतिशत बढेको छ। हुन्डाई भेन्यु केही महिना अघि बाहिरी र भित्री परिवर्तनका साथ लन्च गरिएको थियो। रेनो काइगरले आठौं स्थानमा रह्यो, जबकि टोयोटा अर्बन क्रुजर र होन्डा डब्ल्युआर-भी शीर्ष दसमा परका छन्।

# होन्डा सीबी ७५० हर्नेट स्पोर्ट्स बाइक सार्वजनिक, यस्ता छन् विशेषता

नयाँ लिक्विड कुल्ड, ७५५ सीसी प्यारालल ट्विन इन्जिनसहित



होन्डाले आफ्नो नयाँ मिडलवेट बाइक सीबी७५० हर्नेट सार्वजनिक गरेको छ। यसमा चार राइडर मोड, ट्र्याक्सन कन्ट्रोल, ह्विली कन्ट्रोल र इन्जिन ब्रेक कन्ट्रोल समावेश गरिएको छ। सो इन्जिन ६ स्पिड गियरबक्समा जोडिएको छ। जसमा स्लिप/असिस्ट क्लच जोडिएको छ।

यो नयाँ बाइकमा नयाँ इलेक्ट्रिक फिचर्स दिइएको छ। यसमा ५ इन्चको टीएफटी कन्सोल, ट्र्याक्सन कन्ट्रोल, ह्विली कन्ट्रोल र इन्जिन ब्रेक कन्ट्रोल, टीएफटी डिस्प्लेको लागि ब्लुटुथ कनेक्टिभिटी र होन्डा स्मार्टफोन भ्वाइस कन्ट्रोल दिइएको छ।

सो बाइकमा १५.२ लिटरको फ्युल ट्याङ्की समावेश गरिएको छ भने बाइकको कुल तौल १९० किलोग्राम रहेको छ। कम्पनीले सो बाइकले प्रतिलिटर २३ किलोमिटर माइलेज दिने दाबी गरेको छ। बाइकमा एलईडी हेडल्याम्प, चौडा ह्यान्डलबार, स्प्लिट टाइप सिट, अपस्वेप्ट एक्जस्ट र एलईडी टेलल्याम्पसहित स्लिम टेल सेक्शन रहेको छ।

सो बाइकको मूल्य अझै खुलाइएको छैन। यद्यपि भारतमा ७ लाख ५ हजार भारुमा लन्च गर्न सक्ने अनुमान गरिएको छ। नेपाली बजारमा भने यो बाइक आउने वा नआउने अहिले नै भन्न सकिन्न।

# हिरो भिडा भी १ इलेक्ट्रिक स्कुटर : यी हुन् थाहा पाउनु पर्ने तथ्यहरु

बजारमा इलेक्ट्रिक टु ह्विलरको बहार भइरहेको समयमा हालै भारतीय बजारका लागि हिरो मोटोकर्पले भिडा ब्रान्डमा नयाँ इलेक्ट्रिक स्कुटर सार्वजनिक गरेको छ। भिडा भी१ प्लस र भिडा भी १ प्रो गरी दुई भेरिएन्टमा उपलब्ध सो स्कुटरको मूल्य क्रमशः १ लाख ४५ हजार र १ लाख ५९ हजार रुपैयाँ तोकिएको छ। केही समय पश्चात नेपाली बजारमा समेत उपलब्ध हुने अपेक्षा गरिएको सो इलेक्ट्रिक स्कुटरको थप विवरण यस प्रकार रहेको छ :




ब्याट्री र रेन्ज

हिरो भिडा भी१ प्लस र भी१ प्रोमा अलि फरक प्रकारका ब्याट्री प्याक उपलब्ध छन्। यद्यपि दुवैमा रिमुभेवल ब्याट्री रहेका छन्। भिडा भी१ प्लसमा ३.४४ किलोवाट आवरको ब्याट्री प्याक रहेको छ, जसलाई ८ बीएचपी पावर दिने इलेक्ट्रिक मोटरसँग पेयर गरिएको छ। हिरोको दावी अनुसार यसले ३.४ सेकेन्डमा ० देखि ४० किलोमिटर प्रतिघण्टा सम्मको गति लिन्छ र सिंगल चार्जमा १४३ किलोमिटर रेन्ज दिन्छ। भिडा भी१ प्रोमा केही ठूलो ३.९४ किलोवाटको ब्याट्री प्याक र उही ८ बीएचपीको इलेक्ट्रिक मोटर छ। यसले ३.२ सेकेन्डमा ० देखि ४० किलोमिटर प्रतिघण्टाको गति लिन्छ र १६५ किलोमिटर रेन्ज दिन्छ।

ब्याट्रीलाई स्कुटरमै चार्ज गर्न पनि सकिन्छ। यसलाई झिकेर र घरैमा पनि चार्ज गर्न सकिन्छ। हिरोका अनुसार सो ब्याट्रीलाई डीसी फास्ट चार्जरको सहयोगमा २ घण्टामै चार्ज गर्न सकिन्छ भने एसी चार्जरबाट करिव ५ घण्टा भन्दा बढी समयमा चार्ज गर्न सकिन्छ।

फिचर

बजारमा उपलब्ध विभिन्न इलेक्ट्रिक स्कुटर जस्तै हिरो भिडा भी१ मा विभिन्न फिचर रहेका छन्। यसमा स्पोर्ट, राइड, इको र कस्टम गरी चार राइडिङ मोड रहेका छन्। यसमा 'लिम्प होम' मोड पनि रहेको छ, जसले गर्दा ब्याट्री चार्ज तोकिएको लेवल भन्दा कम भएमा १० किलोमिटर प्रतिघण्टाको गतिमा ८ किलोमिटर सम्म राइड गरेर जान सकिन्छ।

त्यसैगरी यसमा ७ इन्चको टीएफटी इन्स्ट्रुमेन्ट कन्सोल, किलेस एक्सेस, क्रुज कन्ट्रोल, रिभर्स मोड सहित टु-वे थ्रोटल, स्मार्टफोन कनेक्टिभिटी, नेभिगेसन र अन्य विभिन्न फिचर रहेका छन्।

विभिन्न उपकरण

यो स्कुटरमा टेलिस्कोपिक फ्रन्ट फोर्क्स, रियर मोनोसक, फ्रन्टमा डिस्क र रियरमा ड्रम ब्रेक, एलईडी लाइटिङ, स्प्लिट सिट र २६० लिटर अन्डर सिट स्टोरेज छ।

प्रतिस्पर्धा

भारतीय बजारमा हिरो भिडा भी१ ले ओला, एथर, टीभीएस र बजाजका इलेक्ट्रिक स्कुटरसँग प्रतिस्पर्धा गर्नेछ। ओला एस१ को मूल्य १ लाख ३९ हजार, एथर ४५०एक्सको मूलय १ लाख ५५ हजार, टीभीएस आईक्युबको मूल्य १ लाख २० हजार र बजाज चेतकको मूल्य १ लाख ५१ हजार भारु रहेको छ।

उत्पादन बढाऔं र औद्योगिकीकरणमा सहयोग गरौं
- विलासिताका वस्तु तथा सेवाको उपयोग घटाऔं।
- देखासिकी नगरौं, आफ्नो आर्थिक क्षमताको पहिचान गरौं।
- आर्थिक मितव्ययी बनौं, फजुल खर्च नगरौं।
- रकम बचत गरी विश्वसनीय बैंक तथा वित्तीय संस्थामा जम्मा गरौं।
- स्थानीय स्रोत र साधन परिचालन गरी उत्पादन बढाऔं।
- आर्थिक रुपमा सक्षम बनौं, राष्ट्रिय पूँजी निर्माणमा योगदान पुर्‍याऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनआकाश मिडिया प्रा.लि.का लागि: प्रकाशक: द्रोणबहादुर बस्नेत, सम्पादक : ब्रबिम बस्नेत, कार्यकारी सम्पादक विनोद कार्की, ९८६१५८८४५६, ९८६९५२८१०८, कम्प्युटर: जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार, काठमाडौं, ०१-४१६७५७८, पोष्ट बक्स नं. १६५६, E-mail: jana.news2065@gmail.com, मुद्रण: सुप्रिम प्रिन्टिङ्ग प्रेस